हावाहुरीबाट जोगिने उपायहरू
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० चैत ३० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 12 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२१

## समुद्री चराका कारण माछापालकहरूलाई लाखौं घाटा

ओमप्रकाश चौधरी, सेढवा, २९ चैत/

समुद्री पक्षीहरूका कारण पर्साका ग्रामीण भेगमा माछापालन गरेका किसानहरूले ठूलो घाटा बेहोर्नुपरेको छ। जाडो मौसममा नेपालको तराईमा आएका रसिया तथा क्रोएशिया देशका समुद्री क्षेत्रका कोयल, पन्डुबी र जांघीलगायतका पक्षीहरूले माछापालक किसानहरूका पोखरीका माछा खाएर ठूलो घाटा पारेका छन् । यी पक्षीहरू कात्तिक महीनाको शुक्ल तिथिमा नेपाल प्रवेश गर्ने र यही चैत मसान्तसम्म पुनः समुद्री क्षेत्रमा फर्किने गरेको किसानहरू बताउँछन् ।


तस्वीरः फाइल

कालिकामाई गाउँपालिका–५ का पूर्ववडाध्यक्ष पवन तिवारीले यस वर्ष साइबेरियाली पक्षीहरूले आफ्नो पोखरीबाट ७–८ लाख मूल्य बराबरको माछा खाएको बताए । उनले पाँच सयदेखि एक हजारको झुन्डमा आएका ती समुद्री चराहरूले एकपटकमा एक क्वीन्टलसम्म माछा खाने गरेको बताए। ती समुद्री चराहरूले एक सय ग्राम तौल बराबरका माछा सजिलै खाने गरेको उनले बताए । चराहरूलाई ज्यामी लगाएर भगाउन खोजे पनि समुद्री चराहरू पनि माछाहरू जस्तै पानीको भित्री सतहसम्म बसिरहन सक्ने क्षमताका भएकाले केही गर्न नसकिएको पूर्ववडाध्यक्ष तिवारीले बताए ।

अर्का माछापालक छिपहरमाई गापा–४ बन्जारीका नरेश साहले समुद्री चराका कारण माछापालक किसानहरू हैरान भएको बताए । पन्डुबी चरा वर्षैंभरि पोखरीमा आइरहे पनि यसबाट खासै क्षति नरहेको तर सोसँगै आएका अन्य पक्षीहरू भने सयौंको सङ्ख्यामा पोखरीमा पसेर माछा खाने गरेकाले माछा जोगाउन ठूलो समस्या हुने गरेको बताए ।

पोखरीको पानीभन्दा केही माथि २–३ फिटको दूरीमा डोरी बिच्छ्याउँदा केही हदसम्म चरा पानीमा नपसेको साहले बताए। समुद्री चराहरू आकाशमा उड्ने, जमीनमा हिड्ने र पानीमा ठूलो गहिराइसम्म पौड्न सक्ने भएकाले किसानहरूलाई धपाउन ठूलो चुनौती रहेको पर्सागढी नपा–३ का माछापालक हरिन्द्र चौधरी बताउँछन् ।

डोरी लगाएर केही माछा जोगाउन सकिए पनि समस्याको स्थायी समाधान नभएको चौधरीले बताए । कोयल जातका चराले त आधा किलो तौलका माछालाई सजिलै खान सक्ने उनी बताउँछन् ।

समुद्री चराहरूको आगमनले पोखरीका माछाहरूमा विभिन्न किसिमका खतरनाक रोग लाग्ने गरेको उनले बताए ।

समुद्री चराहरूको कोपभोजनका साथै उनीहरूका कारण भित्रिएका रोगले माछापालक किसानहरूलाई ठूलो नोक्सानी हुने गरेको चौधरी बताउँछन् । सबै पोखरीमा उनीहरूको बाँस हुँदैन र भएका पोखरीका माछाहरू बाँकी पनि रहँदैनन् चौधरीले आफ्नो अनुभव बताए ।

## आजदेखि वीरगंजमा तीन दिने रात्रिबजार शुरू
## सीमानाका अबेर राति १ बजेसम्म खुल्ने

प्रस, वीरगंज, २९ चैत/

वीरगंज महानगरपालिकाको आयोजनामा बिहीवारदेखि वीरगंज महानगर–१० आदर्शनगरमा तीन दिने रात्रि मेला शुरू भएको छ ।


तस्वीरः प्रतीक

महानगरपालिकाले गत वर्षदेखि शुरू गरेको रात्रिकालीन बजार यस वर्ष पनि नयाँ वर्षलाई लक्षित गरेर आयोजना गरेको मेला समितिका सल्लाहकार प्रकाश खेतानले बताए । उनले यो वर्ष १४० वटा स्टल राखिएका र बुधवार नै सबै स्टल बूकिङ भइसकेको बताए। विभिन्न परिकार रहने खाद्यान्नका स्टल, घरेलु उत्पादन, मार्बल, टायलससमेतका पसलहरूबाट स्टल बूकिङ भएको उनले जानकारी गराए ।

उनले वीरगंजको उद्योग–व्यापार प्रवर्द्धनका लागि आयोजना गरिएको रात्रिकालीन बजारमा वीरगंज उद्योग वाणिज्य सङ्घले एउटा पनि उद्योगको सहभागिता नगराएको भनी दुःखेसो पोखे। खेतानले सङ्घ र प्रदेशका मन्त्रीहरूको अगाडि वीरगंजको उद्योग–व्यापार खस्किएको भनेर रोदन गर्ने वीउवासङ्घले वीरगंजको उद्योग–व्यापार प्रवर्द्धनका लागि आयोजना गरेको रात्रिबजारमा सहभागिता नजनाउनु लापरवाही गरेको आरोप लगाए । खेतानले रात्रिबजारको आयोजना महानगरको साटो वीउवासङ्घले गर्नुपर्नेमा यसमा सहभागिता नजनाउनु नाम अनुसारको काम नगरेको दोष लगाए।

उनले रात्रिबजारमा यसपटक पनि गत वर्ष सरह छिमकी देश भारत, छिमेकी जिल्लाहरू बारा, मकवानपुर र आफ्नै जिल्ला पर्साबाट ठूलो सङ्ख्यामा मानिसहरू सहभागी भएका बताए। उनले गत वर्ष नयाँ वर्ष २०८० लाई लक्षित गरेर पाँच दिने रात्रिबजार लगाइएकोमा रु सात करोडको कारोबार भएको बताए ।

यस वर्ष तीन दिनमा गत वर्षको लक्ष्य पूरा गर्ने प्रयास गरिने उनले बताए। यसपटक छिमेकी भारतको रक्सौलसमेत आसपासबाट मानिसहरू सहज आवतजावत गर्न राति १० बजेसम्म खुला हुने दुवैतर्फको भन्सार नाका अबेर राति १ बजेसम्मका लागि खुला गरिएको बताए।

## नेशनल मेडिकल कलेज : म्याद गुज्रिएको केमिकल प्रकरण
## सञ्चालक अन्सारी र डा साह हाजिरी जमानीमा छुटे

प्रस, वीरगंज, २९ चैत/

नेशनल मेडिकल कलेजका सञ्चालक शाहनबाज अन्सारी र प्रयोगशाला प्रमुख डा सञ्जय साहलाई जिल्ला प्रहरी कार्यालय, पर्साले हिजो अबेर राति हाजिर जमानीमा रिहा गरेको छ।


तस्वीरः फाइल

वीरगंज महानगरको बजार व्यवस्थापन तथा अनुगमन समितिले गत सोमवार नेशनल मेडिकल कलेज एन्ड शिक्षण अस्पतालको प्रयोगशालामा छापामारी गरेपछि मिति गुज्रिएका केमिकलहरू बरामद भएसँगै सञ्चालक अन्सारी र प्रयोगशाला प्रमुख डा साहलाई पक्राउ गरेको थियो ।

महानगरको अगुवाइमा भएको छापामारीमा मिति गुज्रिएका केमिकलहरू बरामद भएपनि महानगरले भने कुनै दण्ड, जरिवाना नगरेपछि प्रहरीले उपभोक्ता हकहित संरक्षण मञ्च, पर्साका अध्यक्ष सुनील श्रेष्ठबाट उजूरी दरखास्त बुझेर दुवैमाथि कालोबजारीमा मुद्दा चलाएको थियो।

प्रहरीले मुद्दाको क्रममा सोही दिन नारायणी अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा सञ्चालक अन्सारीको रक्तचाप बढेको र निजले मुटु दुखेको बताएपछि अस्पतालमा सघन उपचार कक्ष खाली नभएको भनेर रेफर गराइएको थियो।

अन्सारी त्यसपछि वीरगंज हेल्थकेयर अस्पतालको सघन उपचार कक्षमा भर्ना भएका थिए । प्रहरीले यस क्रममा भोलिपल्ट मङ्गलवार पर्सा जिल्ला अदालतबाट अनुसन्धानका लागि दुई दिनको म्याद थप गराएको थियो भने हिजो बुधवार पाँच दिनको म्याद थप गराएको थियो ।

तर यसैबीच हिजो राति पर्सा प्रहरी अन्सारी र डा साहलाई हाजिर जमानीमा छाड्न बाध्य भयो। पर्सा प्रहरीका प्रवक्ता कुमारविक्रम थापाले न्यायाधिवक्ताको रायसल्लाहमा हाजिर जमानीमा रिहा गरिएको बताए ।

प्रहरीले हाजिर जमानीमा रिहा गर्ने निर्णय गरेपछि रक्तचाप र मुटु दुखेर सघन उपचार कक्षमा सोमवार रातिदेखि बसेको अन्सारी राति १ बजे सो कक्षबाट बाहिरिएका थिए। डा साह भने प्रहरी हिरासतमा रहेकाले उनलाई त्यहींबाट हाजिर जमानीमा छाडिएको थियो ।

कानून व्यवसायीहरूले भने प्रहरीलाई हाजिर जमानीमा छाड्न पाउने कानूनी अधिकार भएको बताएका छन्। कानून व्यवसायीहरूले अनुसन्धान अधिकृतलाई अभियुक्तलाई हिरासतबाहिर राखेर कारबाही गर्न सकिन्छ भन्ने लागेको खण्डमा हाजिर जमानीमा रिहा गर्न सकिने बताएका छन् ।

तर सोमवार अन्सारी र डा साह पक्राउ परेसँगै प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाललगायत यस प्रकरणमा रहेका सरकारी कार्यालयका कर्मचारीहरूलाई मन्त्री, सांसद, नेताहरूको फोनमाथि फोन आएको कर्मचारी स्रोत जनाएको छ ।

पक्राउ पर्दा ठूलो दबाब आउँदा पनि सञ्चालक अन्सारी र डा साहलाई हाजिर जमानीमा छाडिएको थिएन र बुधवार दिउँसो पर्सा जिल्ला अदालतबाट थप पाँच दिनको थुना आदेश लिइएको थियो ।

**कसरी हाजिर जमानीमा छुटे ?**

(बाँकी चौथो पातामा)

## गत आवको तुलनामा सुक्खा बन्दरगाहको राजस्व बढ्ने
## तर चालू आर्थिक वर्षमा पनि लक्ष्य फेला नपर्ने

नितेश कर्ण, वीरगंज, २९ चैत/

सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजले गत आवको तुलनामा चालू आवमा आयातबाट राजस्व बढ्ने सङ्केत देखिए पनि लक्ष्य भने गत वर्षझैं पूरा नहुने देखिएको छ ।

गत आव २०७९/८० मा रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार आयातबाट राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार राजस्व सङ्कलन भएको जनाइएको छ। प्रतिशतको हिसाबले यो लक्ष्यको ६२.८८ प्रतिशत हो ।

गत आवमा सङ्कलित राजस्वबाट लक्ष्य पूरा नभएपछि चालू आवमा गत आवको तुलनामा राजस्व सङ्कलन लक्ष्य घटाएर रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राखिएको छ। तर गत फागुन महीना मसान्तसम्मको आयातबाट सङ्कलित राजस्व हेर्दा गत आवमा सङ्कलित राजस्वको हाराहारीमा सङ्कलन हुने देखिएपछि चालू आवमा पनि लक्ष्य पूरा नहुने सङ्केत देखिएको छ ।

गत आवमा आयातबाट प्रतिमहीना साढे तीन अर्ब राजस्व सङ्कलन भएको थियो । चालू आवको फागुन मसान्तसम्म भने प्रतिमहीना चार अर्बको दरले आयातबाट राजस्व सङ्कलन भइरहेको सुक्खा बन्दरगाह भन्सार कार्यालयले दिएको तथ्याङ्कबाट देखिन्छ।

चालू आवको आठ महीनामा रु ३२ अर्ब १६ करोड २६ लाख ९७ हजार आयातबाट राजस्व सङ्कलन भएको छ।

(बाँकी अन्तिम पातामा)

## निषाद जागरण अभियानबारे पत्रकार सम्मेलन

प्रस, सिम्रौनगढ, २९ चैत/

सिम्रौनगढ नगरपालिका–२ रानीवास फूलबारी मैदानमा निषाद जागरण अभियान यात्राबारे पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ।

निषाद समाजका अध्यक्ष धुपलाल निषादले राज्यबाट आफूहरू उपेक्षित रहँदै आएकोले अभियानमार्फत अवगत गराउने प्रयास गरिने बताए ।

उनले वनजङ्गल, नदी, पैनी पजारमा बस्दै आएका निषाद जातिलाई राज्यले केवल 'भोट बैंक'को रूपमा प्रयोग गरिरहेको बताए । उनले आफ्नो समाजको अधिकार सुनिश्चित पार्ने विषयलाई राज्यले गम्भीरतापूर्वक नलिएको आरोप लगाए ।



तस्वीरः प्रतीक

उनले सरकारको ध्यानाकर्षणका लागि पनि अभियान सञ्चालन गरिन लागेको प्रस्टयाए ।

अभियानका अध्यक्ष रामअवतार मुखियाको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा भोजेन्द्र सहनी, हरेन्द्र मुखिया निषाद, उपेन्द्र मुखिया निषाद, बुद्धराम मुखिया निषाद, सङ्गीता मुखिया निषादलगायतको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण परमानन्द मुखिया निषादले गरेका थिए ।

वृद्धाश्रम शिलान्याससम्बन्धी सूचना

ॐ श्री हनुमान वृद्धाश्रमको भवन निर्माणका लागि शिलान्यास हुन गइरहेको छ । तिलावे पुलभन्दा दक्षिण, झौवा–अमरपट्टि जाने बाटोभन्दा पूर्व र तिलावे नदीभन्दा पश्चिम निर्माण हुन गइरहेको वृद्धाश्रम भवन–शिलान्यास कार्यक्रममा यस संस्थाका सम्पूर्ण संस्थापक तथा अन्य सबै श्रेणीका सदस्यहरूलाई निम्नानुसार उपस्थित हुन अनुरोध छ ।

**मिति : २०८१ साल वैशाख १ गते शनिवार**
**समय : बिहान ९ बजे**

## विचारसार र सूक्तिहरू

**जिन्दगी सानो छ, यसलाई बाँच सिक; माया दुर्लभ हुन्छ साँचेर राख; क्रोध नराम्रो हो, यसलाई चिहान देखाऊ; भयको सामना गर; स्मृति मधुर हुन्छ, स्नेहिल बन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# सबैको सहकार्य जरुरी

**वीरगंज महानगरपालिकाको सहकार्यमा बिहीवारदेखि वीरगंज महानगरपालिका-१० आदर्शनगरमा नयाँ वर्ष-२०८१ लाई लक्षित गरेर तीन दिनका लागि रात्रिकालीन बजार सञ्चालन गरिएको छ । गत वर्ष नयाँ वर्ष-२०८० लाई लक्षित गरेर महानगरपालिकाले सञ्चालन गरेको पाँच दिने रात्रिकालीन बजार औसतमा निकै लोकप्रिय भएको थियो । पाँच दिनमा रु सात करोडको व्यापार भएको र चार लाख मानिसले रात्रिकालीन बजार अवलोकन गरेको दाबी गरिएको थियो । तर यसको आधिकारिकरूपमा पुष्टि गर्ने स्रोत भने छैन । अनुमानका आधारमा गरिएको यो दाबीमा सत्यता पनि नभएको भने होइन । छिमेकी देश भारतको रक्सौल र आसपासबाट रात्रिकालीन बजारको अवलोकन गर्न आउनेहरूको ताती देखिएको थियो । खासगरी बिहारमा लगभग तीन दशकदेखि मदिरा प्रतिबन्धित छ । रात्रिकालीन बजार गुलजार हुनुका अनेक कारणमध्ये एक यो पनि हुन सक्छ । यसका साथै महानगरका विभिन्न वडा, छिमेकी बारा र मकवानपुरबाट पनि मानिसहरू रात्रिकालीन बजार अवलोकन गर्न आएका थिए ।**

**रात्रिकालीन बजारको लोकप्रियता देखेरै महानगरपालिकाले मासिकरूपमा महीनाको अन्तिम शुक्रवार र शनिवार रात्रिकालीन बजार लगाउन हौसिएको थियो । दुई/तीन पटक रात्रिकालीन बजार मासिकरूपमा लाग्यो पनि तर त्यसपछिका दिनमा रात्रिकालीन बजारको नाममा स्थानीय संस्कृतिमाथि प्रहार भएको, अश्लीलता प्रदर्शन हुने गरी सांस्कृतिक कार्यक्रममा नृत्य गराइएको जस्ता आरोपहरू लागे र केही राजनीतिक दलबाट यसको चर्को आलोचना पनि भयो । त्यसपछि वर्षाको कारण जनाउँदै रात्रिकालीन बजार मासिकरूपमा लाग्न सकेन । दशैं, तिहार लक्षित रात्रिकालीन बजार पनि लाग्यो गत वर्ष । वीरगंजको व्यापारिक सुस्ततालाई गति प्रदान गर्न रात्रिकालीन बजार सहायक भएको ठानेर यसको नेतृत्व वीरगंज उद्योग वाणिज्य सङ्घले गरोस् भन्ने नगरप्रमुखको चाहना सार्थक हुन सकेन । वीउवासङ्घ, उद्योगी-व्यापारीहरूको प्रतिनिधिमूलक संस्था हो । उसले रात्रिकालीन बजारको नेतृत्व लिनुपर्ने हो । महानगरपालिका सबै कार्यमा अगाडि सरेर सफलता हासिल हुँदैन । सीमित साधनस्रोतमा महानगरपालिकाले गर्ने सबैखाले विकासमा सरोकारवालाहरूको पनि साथ र सहयोग भएको खण्डमा मात्र विकासले गति लिने हो ।**

**सबै थोकको जिम्मेवारी वहन गर्दै जाँदा विभिन्नखाले समस्याहरू आइपर्छन् र सफलता क्रमशः नैराश्यतामा परिणत हुन सक्छ । महानगरले गर्ने कामहरूमा उसको सक्रियता बढाउन सबैको इमानदार पहल हुनुपर्छ । सौन्दर्यीकरण, उज्यालो वीरगंज, सरसफाइ, शिक्षा आदिमा महानगरको प्रयास देख्न सकिन्छ । तर राम्रो गर्दैमा सबै कामको जिम्मेवारी महानगरपालिकालाई दिनु मूर्खता हुन जान्छ । यो अभ्यासबाट पनि प्रमाणित हुँदै आएका कुरा हुन् । सर्वत्र महानगरपालिकाले नै हात हाल्दै आएको र जिम्मेवारी लिएका कतिपय कामहरू अहिले आधाअधूरा छन् । उसले लिएको र लिन सक्ने जिम्मेवारीका कार्यहरूमा उसलाई अघि सार्ने र आफूले गर्ने कामहरूमा सक्रियता देखाउने पहल गर्न जरुरी छ । यस्ता सहकार्यहरू गरिएका खण्डमा मात्र वीरगंजको विकास सम्भव हुन्छ नत्रभने महानगरको आसमा मात्र पर्ने हो भने आउँदा दिनहरूमा भएका विकासहरूलाई निरन्तरता दिन पनि नसकिने अवस्था सिर्जना हुन सक्छ ।**

# नयाँ चुनौतीसँग जुध्न नेपाल-भारत युवा सहकार्यको खाँचो


स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com


**एआईसहित जलवायु परिवर्तन र प्रविधि विश्वव्यापी छलफलका लागि मुख्य विषय हुन् । जलवायु परिवर्तनका सन्दर्भमा दुई देशका युवाले मिलेर काम गर्न सक्छन् । जलवायु परिवर्तनका असर कम गर्न विद्वान्, अनुसन्धानकर्ता र वैज्ञानिकले राम्रा योजना ल्याए पनि हाम्रो देशका राजनीतिज्ञहरू यस विषयमा त्यति बढी संवेदनशील देखिंदैनन् ।**

नेपाल-भारतको परम्परागत बहुआयामिक सम्बन्धलाई विभिन्न कोणबाट परिभाषित गर्ने काम हुँदै आएको छ । यसको ऐतिहासिक, सामाजिक र सभ्यतागत परिभाषा आफ्नो ठाउँमा हुँदैछ तर नेपालको प्रत्येक सङ्कटमा सहयोगका लागि सबैभन्दा अघि तत्पर देखिने राष्ट्र भारत नै हो। नेपालको आर्थिक विकासमा पनि भारतको सहयोग महत्त्वपूर्ण रहिआएको छ । दुई देशका जनताबीचको यस सम्बन्धलाई २१औं शताब्दीमा पनि घनिष्ठ मित्रताको परिचायकको रूपमा अगाडि बढाउनु आवश्यक छ । नेपाल-भारत सम्बन्ध शुरूदेखि नै अद्वितीय रहँदै आएको छ र यस्तै रहनु पनि पर्छ। नेपाल-भारत सम्बन्धलाई अब यी दुई देशका युवा पुस्ताले अगाडि बढाउनु आवश्यक छ। जलवायु परिवर्तनका कारण उत्पन्न हुने चुनौतीहरू, डिजिटल कनेक्टिभिटीको क्षेत्रमा भारतले प्राप्त गरेको विश्वव्यापी अग्रता र नेपालले पनि डिजिटल कनेक्टिभिटीको क्षेत्रमा भारतसित मिलेर काम गर्न थालेको अवस्था, आर्टिफिशियल इन्टेलिजेन्सको बढ्दो माग र आवश्यकताको परिप्रेक्ष्यमा नेपाल र भारतका युवाहरू मिलेर अगाडि बढ्नु आवश्यक छ।

नेपाल र भारतमा युवाहरूको ठूलो सङ्ख्या छ। नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँ १५ देखि २० वर्षसम्मका युवाको सङ्ख्या देशको कुल जनसङ्ख्याको झन्डै एक तिहाइ छ । दक्षिणी छिमेकी भारतमा ३५ वर्षभन्दा कम उमेरका युवाको जनसङ्ख्या देशको कुल जनसङ्ख्याको दुई तिहाइ जति रहेको छ। २१औं शताब्दीमा जलवायु परिवर्तन पूरै विश्वका लागि चिन्ताको विषय बनेको छ। त्यसगरी, नयाँ-नयाँ प्रविधिको उपभोग र आर्टिफिशियल इन्टेलिजेन्स (एआई)को बढ्दो भूमिका अहिले कुनै पनि देशको सार्वजनिक नीतिको महत्त्वपूर्ण विषय बन्न गएको छ। भारत सरकार यस विषयमा गम्भीर देखिन्छ। त्यहाँका युवा पनि यसप्रति संवेदनशील छन्। हाम्रो देशका युवाहरू पनि यसबाट अवगत भइरहेका छन् तर सरकार नै गम्भीर छैन । नेपालका युवाहरूले भारतका युवाहरूसित मिलेर यस क्षेत्रमा साझा काम गर्नु आवश्यक छ। भूकम्प, बाढी, पहिरो, खडेरी र हिमनदीजस्ता जलवायु जोखिमका दृष्टिकोणबाट नेपाल अत्यन्त संवेदनशील स्थानमा छ। जलवायु परिवर्तनको असर आगामी दिनमा थप बढ्ने सम्भावना छ। जलवायु परिवर्तनको दुष्प्रभाव नेपालमा पनि पर्ने निश्चित छ। अहिले 'थर्ड पोल'को रूपमा चिनिएको हिन्दकुश पर्वत क्षेत्रको तापक्रम तीव्र गतिमा बढ्दै गएको छ। दक्षिण एशियाका अधिकांश देश यसैभित्र पर्छन्। जलवायु प्रकोप र पर्यावरणीय ह्रासको एजेन्डा राजनीतिक दलहरूको प्राथमिकतामा आउन आवश्यक छ । युवाहरूले यस दिशामा सरकारको ध्यान आकृष्ट गराउनु आवश्यक छ।

नेपाल र भारतबीच डिजिटल कनेक्टिभिटीको क्षेत्रमा पनि वृद्धि भएको देखिन्छ । प्रत्येक ठूला सङ्कटहरूले समस्याका साथै अवसर पनि ल्याउँछ। कोभिड-१९ ले उत्पन्न गरेको सङ्कटका कारण डिजिटल कनेक्टिभिटीलाई प्राथमिकता दिन व्यक्तिलाई प्रेरित पनि गरेको छ। भारतको युनिफाइड पेमेन्ट इन्टरफेस (युपिआई) र नेपालको नेशनल पेमेन्ट इन्टरफेस (एनपिआई) बीच सहकार्य हुनु एउटा ठूलो उपलब्धि हो। भारतका परराष्ट्रमन्त्री एस जयशङ्करको नेपाल भ्रमणका क्रममा नेपाल राष्ट्र बैंक र भारतीय रिजर्भ बैंकले टर्म अफ रेफरेन्स (टिओआर) आदानप्रदान गरेका थिए। यसको उद्देश्य सीमा वारपार हुने वित्तीय कारोबारलाई सहज बनाउनु हो। अहिले पाँच सय वा सोभन्दा माथिका भारतीय नोट नेपालमा अवैध छन् । भारत नै नेपालको प्रमुख बजार हो फेरि नेपालमा आउने विदेशी पर्यटकहरूको सूचीमा पनि भारतीयहरू नै बढी छन्। भारतीय पाँच सय र सोभन्दा माथिका नोटमा प्रतिबन्ध लागेको कारण चाहेर पनि कतिपय भारतीय पर्यटक र तीर्थालुहरू नेपाल आउन सकिरहेका छैनन्। भारतमैं काम गर्ने लाखौं नेपालीसित पनि यो ठूलो समस्या भएको थियो।

वित्तीय डिजिटलाइजेशन व्यावहारिक पनि देखिन्छ किनभने यसले नगद बोक्ने झन्झटबाट मुक्त पार्छ । भारतीय पर्यटकहरूलाई अब नक्कली नोटको झन्झट नपर्ने र मुद्रा सटहीको समस्या पनि अब रहनेछैन । अहिले भूमण्डलीकरणको युगमा विश्वका वित्तीय प्रणालीहरू डिजिटल हुँदै गएका छन् । यस्तोमा क्रसबोर्डर भुक्तानी झन् महत्त्वपूर्ण हुँदै गएको छ। नेपालको फोनपे पेमेन्ट सर्भिस लिमिटेड र भारतको एनपिसिआई इन्टरनेशनल पेमेन्ट्स लिमिटेडले भारत र नेपालबीच पहिलो क्युआर भुक्तानी सेवा शुरू गर्न तयार रहेको जानकारी 'ग्लोबल फिन्टेक फेस्ट २०२३' मैं जानकारी दिइसकिएको हो । फोनपे र भीम एप प्रयोग गरी आउने भारतीय पर्यटकले खल्ती फोनपे मर्चेन्ट क्युआर र ईसेवा मर्चेन्ट क्युआरमा स्क्यान गरी भुक्तानी गर्न सक्नेछन्। भारतमा रहेका नेपालीहरूलाई पनि यो सुविधा प्राप्त रहनेछ।

भर्खरै भारतको दूरसञ्चार विभागले नेपाली नागरिकलाई आफ्नो नेपाली नागरिकता, मतदाता परिचयपत्र वा भारतस्थित नेपाली नियोगले जारी गरेको फोटो-पहिचानको प्रमाण उपलब्ध गराएपछि तीन महीनाका लागि भारतीय सिमकार्ड लिन पाउने सुविधा दिएको छ। यसरी डिजिटल साझेदारीमा दुवै देशका सरकारले चालेका कदमले पर्यटन, चिकित्सा सेवा र अध्ययनका लागि भारत जाने नेपाली नागरिकलाई फाइदा पुग्नेछ।

भारत सरकारको शिक्षा मन्त्रालय अन्तर्गतको अखिल भारतीय उच्च शिक्षा सर्वेक्षण २०२१/२२ अनुसार नेपाली विद्यार्थीले भारतमा विदेशी विद्यार्थीमा सबैभन्दा बढी हिस्सा ओगटेको छ। यो करीब भारतमा अध्ययन गर्ने सम्पूर्ण विदेशी विद्यार्थी सङ्ख्याको एक तिहाइ हुन आउँछ। खुला सिमानाका कारण भारत घुम्न आउने पर्यटकहरूको यकीन गर्न कठिन छ।

अहिलेको परिवर्तनशील डिजिटल संसारमा सस्तो र द्रुत इन्टरनेट हुनु विलासिता त कदापि होइन, मानिसलाई दैनिक कार्य र जीविकोपार्जनका लागि पनि आवश्यक भएको छ। नेपाल भूपरिवेष्टित देश भएको कारण भारतबाट इन्टरनेट जडान लिनुपर्ने भएका कारण ९७ प्रतिशत इन्टरनेट ट्राफिक दक्षिणतर्फबाट नै आउँछ। धेरै देशले समुद्रमुनिबाट केबल इन्टरनेट प्राप्त गर्छन्। नेपालका सेवाप्रदायक इन्टरनेट कम्पनीहरूले टाटा/एयरटेलजस्ता भारतीय कम्पनीबाट इन्टरनेट सेवा लिन्छन्।

भारतको डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर, जसलाई इन्डिया स्टयाक्स पनि भनिन्छ, विश्वव्यापी मोडेल बनेको छ। यो तीन मुख्य स्तम्भमा बनाइएको छ। डिजिटल पहिचानका लागि आधार, युपिआईमार्फत द्रुत प्रणाली र डेटालाई व्यवस्थित गर्न डेटा कानून र इन्डिया स्टयाक्स उपकरणहरूले उपभोक्ताका लागि विकल्प बढाएको छ । आफ्नो डिजिटल पूर्वाधारलाई अन्य देशमा विस्तार गर्ने दिशामा अगाडि बढेको छ। नेपालले पनि यसबाट लाभ लिन सक्ने प्रयास गर्न सक्नुपर्छ । नेपालले पनि भारतको डिजिटल सफलताबाट सिक्न सक्छ।

एआईसहित जलवायु परिवर्तन र प्रविधि विश्वव्यापी छलफलका लागि मुख्य विषय हुन्। जलवायु परिवर्तनका सन्दर्भमा दुई देशका युवाले मिलेर काम गर्न सक्छन्। जलवायु परिवर्तनका असर कम गर्न विद्वान्, अनुसन्धानकर्ता र वैज्ञानिकले राम्रा योजना ल्याए पनि हाम्रो देशका राजनीतिज्ञहरू यस विषयमा त्यति बढी संवेदनशील देखिंदैनन् । राजनीतिज्ञहरू केवल आफ्नो 'भोट बैंक'को चिन्ता मात्र गर्छन्। ईर्ष्या, द्वेष, नकारात्मक धारणा विकसित गर्न र खोक्रो राष्ट्रवादको नारा दिन सक्छन्। देशको आर्थिक विकासका लागि भिजन नभएका नेताहरू नै नेपालको राजनीतिमा निर्णायक ठाउँमा रहँदै आएका छन् । ३० वर्षे पञ्चायती शासन र त्यसपछिका ३३ वर्ष पनि केवल सङ्कीर्ण राष्ट्रवादको नारामैं केन्द्रित रह्यो । देशका युवाहरू नयाँ सोचका साथ राष्ट्रविकासका लागि भारतका युवासित मिलेर शिक्षा, अनुसन्धान, विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्न आवश्यक छ।

# वर्षान्त २०८०: चलचित्रका लागि सुखद

काठमाडौं, २९ चैत/ रासस

चलचित्र क्षेत्रका लागि वर्ष २०८० को सुरूआत राम्रो भयो। नयाँ वर्षको अवसरमा प्रदर्शन भएको 'जारी'ले दर्शक र निर्माता दुवैको अनुहारमा खुशी ल्याइदियो।

उपेन्द्र सुब्बाको निर्देशन रहेको जारीमा लिम्बू संस्कृतिलाई आम दर्शकले बुझ्ने गरी पालम, युप्पारूङ, धान नाच, जाँड संस्कृतिलाई पटकथामा उनेर जारीप्रथाले पति-पत्नीबीचको सम्बन्धमा ल्याइदिने आरोह-अवरोहलाई प्रस्तुत गरिएको थियो । चलचित्रले कुल रू १७ करोडको कुल व्यापार (ग्रस कलेक्सन) गरेको थियो।

हालसम्म यस वर्ष ५० वटा चलचित्र प्रदर्शन भइसकेका छन् भने दुईवटा चलचित्र प्रदर्शनको तयारीमा छन्। यही चैत ३० गते दुईवटा चलचित्र 'द रेड सुटकेस' र 'डिग्री माइला' प्रदर्शनको क्रममा छन्।

यो वर्ष 'जारी'पछि गत चैत ९ मा प्रदर्शन भएको 'महाजात्रा' सर्वाधिक सफल मानिएको छ। चलचित्र निर्माण समूह र वितरकले उपलब्ध गराएको तथ्याङ्क अनुसार 'महाजात्रा' यस वर्षको दोस्रो सर्वाधिक व्यापार गर्ने चलचित्र बनेको छ। तेस्रो साताामा प्रदर्शन भइरहेको चलचित्रले १३ करोडभन्दा बढी कुल व्यापार गरिसकेको बताइए पनि तथ्याङ्क केही दिनमा सार्वजनिक गरिने निर्माण समूहले जानकारी दिएको छ।

यो वर्ष नेपाली चलचित्रमा आस गरिएका निर्देशकहरू प्रदीप भट्टराई, रामबाबू गुरूङ, निश्चल बस्नेत, दीपेन्द्रकुमार खनालका चलचित्र दर्शकले हेर्न पाए। यस वर्ष अनमोल केसी, प्रदीप खड्काजस्ता स्टार भनिने कलाकारको चलचित्र प्रदर्शन भएनन्। दयाहाङ राई, विपिन कार्की, सौगात मल्लजस्ता अभिनेता आफ्नो अभिनयका कारण चर्चामा रहे।

चलचित्र वितरक तथा निर्माण समूहको दाबी अनुसार यो वर्ष घरेलु बजारमार्फत अघिल्ला दुई चलचित्रसँगै 'पशुपति प्रसाद २ : भष्मे डन', 'दिमाग खराब', 'परदेशी २', 'नाङ्गो गाउँ'ले लगानी सुरक्षित गरेका छन्। यसबाहेक विदेशी बजारसहित 'दयारानी' र 'बगान' चलचित्रले निर्मातालाई घाटा गराएनन्।

कुल ५२ वटा चलचित्रमा 'द रेड सुटकेस' र 'डिग्री माइला'ले कस्तो व्यापार गर्छ यो भने हेर्न बाँकी छ । किनकि उल्लिखित दुई चलचित्र वर्षको अन्तिम दिन चैत ३० गते प्रदर्शन हुँदैछन्। यस वर्ष अभिनेता दयाहाङ राईले अभिनय गरेको नौवटा चलचित्र प्रदर्शन भए।

"मैले कथामा विविधता देखेर चलचित्रमा काम गरेको हुँ । तपाईंले सङ्ख्यासँगै विषयवस्तु हेर्नुभयो भने एउटा अभिनेता त्यसलाई छाड्न सक्दैन। साथै मेरो उपस्थितिले कुनै निर्देशक र निर्मातालाई लाभ मिल्छ र मलाई विषय मन परेको छ भने किन नगर्ने ?" अभिनेता राईले भने, "आउँदो वर्ष प्रदर्शन बढी भएपनि म कमै चलचित्रमा काम गर्ने योजनामा छु । किनकि सङ्ख्या बढ्दा गरिएको मेहनत ओझेलमा पर्छ ।"

उनी यो वर्षभर चर्चामा रहे। किनकि वर्षको सुरूआतमा उनका दुईवटा चलचित्र एकसाथ प्रदर्शन भए। सफल र असफल हुने चलचित्रको सङ्ख्या उनको उस्तै छ। यसलाई अभिनेता राईले पनि महसूस गरेका छन्।

"यो वर्ष काम धेरै गरियो । तर चलचित्र विभिन्न किसिमका प्रदर्शन भए। व्यावसायिकसँगै कलात्मक चलचित्रमा देखिएको आकर्षण हाम्रालागि खुशीको कुरा हो। किनकि विश्वमञ्चमा हामीले देखाउने थुप्रै कथा तयार भएका छन्," अभिनेता राईले भने।

चलचित्र वितरक तथा प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र सङ्घको कार्यसमिति सदस्य रहेका करण श्रेष्ठले चलचित्रका लागि यो औसत वर्ष मान्न सकिन्छ।

"यो वर्ष चलचित्रको व्यापार राम्रै देखियो । तर जसरी वर्षको सुरूआत भएको थियो, त्यही रूपमा अन्य चलचित्रले व्यावसायिक पक्षलाई अगाडि बढाउन सकेनन्। यद्यपि सफल भएको सङ्ख्या हेर्ने हो भने राम्रो छ," उनले भने।

अभिनेता विपिन कार्कीका लागि यो वर्ष सुखद रह्यो। उनीद्वारा अभिनीत दुईवटा चलचित्रले राम्रो व्यापार गरिसकेका छन्। 'महाजात्रा'मार्फत उनको चर्चा स्वदेशसँगै विदेशमा पनि भयो । यद्यपि अभिनेता कार्कीले आफ्नो ध्यान काममा मात्र केन्द्रित रहने गरेको बताउँछन्। "मैले राम्रो काम गर्ने कोशिश गर्छु । पात्रलाई दुरूस्तै पर्दामा ल्याउने मेरो ध्याउन्न हुन्छ । व्यावसायिक सफलताले पक्कै अभिनेतालाई ऊर्जा दिन्छ नै तर हाम्रो ध्यान अभिनयमा बढी केन्द्रित हुनुपर्छ," अभिनेता कार्कीले भने। उनले अभिनय गरेका दुई चलचित्र 'पशुपति प्रसाद २, 'भष्मे डन' र 'महाजात्रा' व्यावसायिकरूपमा सफल चलचित्र हुन्।

यस वर्षलाई हेर्दा दर्शक रमाइला चलचित्रमैं केन्द्रित देखिएको चलचित्र

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## जनताको मनोवृत्तिले देश गरीब हुन्छ

गरीब देश हुने हो कि जनता ? यो प्रश्नको उत्तर जति सरल छ, उत्तर त्यतिकै जटिल छ ।


अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com


**कहिले जातीयताको, कहिले क्षेत्रीयताको, कहिले साम्प्रदायिकताको, त कहिले भेषको र कहिले भाषाको कुरा लिएर आउने र हामीबीच विभाजन गरेर हामीमाथि शासन गर्ने, हामीलाई गरीब पार्ने नेताहरूको पछि लाग्न नछाडेसम्म हामी समृद्धिको दिशातर्फ अग्रसर हुन सक्तैनौं ।**

देश गरीब भएपछि जनता पनि गरीब हुनु स्वाभाविक हो । गरीब देशको जनता पनि गरीब नै हुन्छ । देशमा उपलब्ध स्रोत एवं साधनले जनतालाई धनी बनाउने हो । तर यो धारणा परम्परागत हो । र उपर्युक्त प्रश्नको सरल उत्तर हो ।

आधुनिक वा नवधारणा अनुसार कुनै पनि देश गरीब हुँदैन । हरेक देशसँग कुनै न कुनै किसिमको प्राकृतिक सम्पत्ति हुन्छ नै । संसारमा यस्तो देश बिरलै भेटिएला जहाँ कुनै पनि किसिमको साधन र स्रोत नहोस् ।

सर्वाधिक गरीबी र गरीबहरूको बसोवास भएको महादेश अफ्रिकालाई मान्ने गरिन्छ । अफ्रिकी महादेशका राष्ट्रहरू गरीब छन् । तर अफ्रिकी देशहरू स्रोत र साधनको अभावले गरीब भएका होइन, जनताको व्यवहार, सोच, संस्कार, परम्परा आदिले गर्दा गरीब भएका हुन् । निरन्तरको द्वन्द्व र सङ्घर्षहरूले गर्दा गरीब भएका हुन् । माथिको प्रश्नको यो जटिल उत्तर हो ।

अफ्रिकी राष्ट्रहरू–बोत्सवाना र कङ्गो विश्वका क्रमशः दोस्रो र चौथो सर्वाधिक हीरा भएका राष्ट्र हुन् । संसारभरि सर्वाधिक ठूलो तेल भण्डार दक्षिण अमेरिकी देश भेनेजुएलामा छ । भेनेजुएला दक्षिण अमेरिकाको गरीब राष्ट्रमध्ये पर्दछ । कम्युनिस्ट शासकहरूले यो देशलाई गरीब पार्ने क्रम जारि नै छ ।

विश्वमा सर्वाधिक कच्चा तेल उत्पादन गर्ने पाँच राष्ट्रमा क्रमशः १ संयुक्त राज्य अमेरिका, २ साउदी अरेबिया, ३ रूस, ४ क्यानाडा र ५ इराक पर्दछन् । विश्वमा ठूलो मात्रामा कच्चा तेल उत्पादन गर्ने राष्ट्रहरूमा साउदी अरेबिया र इराक परे तापनि संयुक्त राज्य अमेरिको तुलनामा साउदी अरेबिया र इराक दुबै गरीब छन् ।

घाना, बुरकिना फासो, तान्जानिया, साउथ अफ्रिका, इजिप्ट, जिम्बाब्वे, माली, ग्युनी, अल्जेरिया अफ्रिकी महादेशका यस्ता राष्ट्र हुन् जहाँ ठूलो परिमाणमा सुन उत्पादन हुन्छ । ठूलो परिमाणमा यी राष्ट्रहरूमा सुन उत्पादन भए तापनि यी राष्ट्रहरू धनी राष्ट्रको श्रेणीमा पर्दैनन् ।

कुनै पनि राष्ट्रलाई गरीब वा धनी बनाउने त्यहाँको जनता नै हो । देशलाई गरीब वा धनी तुल्याउने प्रमुख तत्त्व जनता नै हो । जनताको क्रियाकलाप सकारात्मक छ भने देश धनी हुन्छ, नकारात्मक हुँदा गरीब हुन्छ । अफगानिस्तानलाई अति गरीब र द्वन्दग्रस्त त्यहाँको जनताले नै बनाएको हो । साधन र स्रोतको अभावमा अफगानिस्तान गरीब भएको होइन ।

संयुक्त राज्य अमेरिका र मेक्सिको दुवै छिमेकी राष्ट्र हुन् । यी दुवै राष्ट्रको साझा आकाश छ । साझा जलवायु छ । साझा मौसम छ । साझा भूमि पनि छ । जनताको सोच र मनोविज्ञान भने साझा छैन ।

संयुक्त राज्य अमेरिका विश्वको सर्वाधिक धनी राष्ट्र हो भने मेक्सिको दोस्रो, तेस्रो वा चौथो धनी राष्ट्र पनि होइन । विश्वका सर्वाधिक ठूला अर्थ व्यवस्थाको सूचीमा मेक्सिकोको स्थान १४ औं रहेको छ । अमेरिका र क्यानाडा जस्ता धनी राष्ट्रहरूको निकट रहेर पनि मेक्सिको यी दुई राष्ट्रहरूको तुलनामा गरीब छ । किन होला ?

क्यानाडा र अमेरिकालाई यी देशका जनताले धनी पारेको हो, स्रोत एवं साधनले होइन । क्यानाडा र अमेरिकाका कतिपय स्थानमा मौसम जहिले पनि प्रतिकूल हुन्छ र मानिसको बासोवाससमेत छैन । कतिपय भूमि बञ्जर छ । त्यहाँ केही पनि उत्पादन गर्न सकिंदैन । तर स्थिति प्रतिकूल भए पनि यी देशहरूले विकास गरेका छन् । धनी देश कहलिएका छन् ।

अमेरिकीहरूले आफ्नो पसिना र परिश्रमद्वारा यो देशलाई धनी बनाएका हुन् । अमेरिकीहरू औसतमा अत्यधिक कार्य गर्ने विश्वका नागरिकमध्ये पर्छन् । काम गर्नुपर्छ र इमानदारीपूर्वक गर्नुपर्छ भन्ने मान्यता राख्ने अमेरिकीहरू यो विश्वास गर्छन् कि हामीले नै आफ्नो टोल, शहर, राज्य र देशको विकास गर्ने हो । लडाइँ–झगडा, सङ्घर्षले देशको आर्थिक विकास हुँदैन, बरु मिलेर बसेमा देशको आर्थिक विकास हुन्छ भन्ने कुरा अमेरिकीहरूलाई राम्ररी थाहा छ । यो सोच र समझदारीले गर्दा ५० राज्य भएको संयुक्त राज्य अमेरिकामा राज्य–राज्यबीच कुनै द्वन्द्व छैन ।

छिमेकी राष्ट्र मेक्सिकोको स्थिति भने विपरीत छ । राष्ट्रको आर्थिक विकासको लागि मेक्सिकनहरू पनि अति परिश्रम गर्छन् तर मेक्सिकोमा अपराध ठूलो मात्रामा हुन्छ । लागू औषध व्यापारका लागि मेक्सिकोलाई 'स्वर्ण भूमि' मान्ने गरिन्छ । विश्वका सर्वाधिक ठूला र कुख्यात पाँच लागू औषध कारोबार गर्ने संस्था (Drug Cartels) हरू मध्ये चार संस्था मेक्किकोमा छ । मेक्सिकको कतिपय स्थानमा लागू औषध कारोबार गर्ने 'दादा' हरूले समानान्तर सरकार सञ्चालन गरेका छन् । सिनोला कार्टेल, गल्फ कार्टेल, लस जेटास, जुराज कारटेलजस्ता कुख्यात लागू औषध कारोबार गर्ने संस्था (कारटेल) हरू मेक्सिकोमैं छन् । र यी संस्थाहरूको कारोबार युरोप, अफ्रिका, उत्तर अमरिका, दक्षिण अमेरिका र एशियाभरि फैलिएको छ ।

मेक्सिकोको करीब ३५ प्रतिशत जमीनमा सरकारको होइन, लागू औषध कारोबारीहरूको नियन्त्रण छ । मेक्सिकन सरकारको अति सक्रियता हुँदाहुँदै पनि लागू औषधको कारोबार त्यस देशमा नियन्त्रण हुन सकेको छैन । सोनारा, बाजा कालिफोर्निया, नायारित, जालिस्को, चियापास आदि यस्ता मेक्सिकन राज्य हुन् जहाँ ठूलो मात्रामा लागू औषधका कारोबारीहरू छन् । मेक्सिकोको कुलिएकान शहर त लागू औषध खरीद–बिक्रीका लागि बदनाम नै छ ।

सन् २०१९ को अक्टोबर महीनामा मेक्सिकोको सिनोला राज्यको कुलिएकान भन्ने शहरमा लागू औषधका कारोबारीहरू र मेक्सिको सरकारका सुरक्षाकर्मीबीच गोली हानाहान हुँदा, अनेक कारणले गर्दा, सरकारी सुरक्षाकर्मी पछडि हट्नुपरेको थियो । सरकारी सुरक्षाकर्मीहरू पराजित हुनु परेको थियो । सरकारले लागू औषध विरुद्ध कार्यवाही बन्द गर्नुपरेको थियो । लागू औषध कारोबारीहरू मेक्सिकोमा त्यतिसम्म बलिया छन् ।

अब नेपालको कुरा गरौं । नेपाल गरीब हुनुका कारणहरू खोजौं । नेपाल जनताको सोच, व्यवहार, संस्कारको कारणले गर्दा गरीब भएको हो । जबसम्म हामी नेपालीहरू आफ्नो व्यवहार, सोच, संस्कारमा परिवर्तन गर्दैनौ तबसम्म हामी निर्धन नै रहिरहने छौं । जबसम्म हामीले धूर्त, बेइमान र भ्रष्ट नेताहरूलाई आफ्नो अमूल्य भोट दिएर चुनावमा विजयी गराइरहन्छौं, उनीहरूलाई शक्ति र सत्तामा पुऱ्याइरहन्छौ तबसम्म हामी गरीब रहिरहन्छौं ।

कहिले जातीयताको, कहिले क्षेत्रीयताको, कहिले साम्प्रदायिकताको, त कहिले वेशको त कहिले भाषाको कुरा लिएर आउने र हामीबीच विभाजन गरेर हामीमाथि शासन गर्ने, हामीलाई गरीब पार्ने नेताहरूको पछि लाग्न नछाडेसम्म हामी समृद्धिको दिशातर्फ अग्रसर हुन सक्तैनौं ।

निर्वाचित प्रतिनिधिहरूको कार्य देशको लगि आवश्यक नियम–कानून निर्माण गर्नु हो । यसका लागि जनताले उनीहरूलाई निर्वाचित गरेको हो । यो कार्य गरेबापत जनप्रतिनिधिहरूले पारिश्रमिक पाउने गर्छन् । राज्यले उपलब्ध गराएको स्रोत र साधनको भरपूर उपभोग गर्छन् ।

सांसदहरूको कार्य संसद् सञ्चालन गर्नु हो । गृहमन्त्री रवि लामिछाने प्रकरण अगाडि सारेर सांसदहरूले, मुख्यगरी नेपाली काङ्ग्रेसका सांसदहरूले संसद् अवरुद्ध पारेका छन् । संसद सञ्चालन गर्न दिएका छैनन् । यो कस्तो राजनीतिक संस्कृति हो ? यो समस्याको समाधान खोज्ने कस्तो तरीका हो ? एकजना मन्त्रीको कार्यको विरोधमा संसद् नै अवरोध गर्ने ? देशको कार्य नै अवरुद्ध पार्ने ? नेपाली काङ्ग्रेसको दलगत फाइदाको लागि संसद् नै चल्ने नदिने ?

रवि लामिछानेले यदि कुनै कसूर गरेका छन् भने त्यस कसूर उपर छानबीन गर्ने प्रशासन छ । यदि कसूर गरेको ठहर भएमा लामिछानेलाई सो अपराध गरेबापत सजाय दिने अदालत छ । नेपाली काङ्ग्रेसलाई लामिछानेको कार्यप्रति शङ्का छ, उनले सहकारी–ठगी गरेका छन् भन्ने नेपाली काङ्ग्रेसलाई लागेको छ भने लामिछाने उपर काङ्ग्रेसले मुद्दा हाले हुँदैन ? अदालत गए हुँदैन ? संसद् नै अवरुद्ध गर्नुपर्छ ?

देशको लागि आवश्यक नियम कानून निर्माण गर्ने संसद् कुनै पनि बहानामा अवरुद्ध हुनुहुँदैन । देशको आर्थिक विकासका लागि मार्ग निर्माण गर्ने संसद् निर्बाध सञ्चालन हुनुपर्छ । सांसदहरूलाई केही कार्य नै नगरी केवल होहल्ला गर्न जनताले निवार्चित गरेर संसद्मा पठएको होइन । संसद्भित्र होहल्ला गर्न राज्यले अनेक सुविधा र तलब भत्ता दिएको होइन ।

हो, यस्तैयस्तै कारणले गर्दा हामी नेपालीहरू गरीब भएका हौं । आवश्यक कार्य नगर्ने, अनावश्यक कार्य खोजीखोजी गर्ने हाम्रो प्रवृत्तिले गर्दा नै हामी गरीब भएका हौं । हामी, आफ्नो विकास विरोधी सोच र व्यवहारहरूले गर्दा गरीब भएका हौं ।

जनताले बेइमान र भ्रष्ट नेताहरू निर्वाचित गरेर पठाउने र त्यस्ता नेताहरूले देशको होइन, केवल आफ्नो विकास गर्ने र यसरी स्वार्थी नेताहरूबाट देशको आर्थिक विकास नहुने अनि हामी सदा गरीब हुने । यो गोल–चक्करबाट हामी बाहिर नआएसम्म नेपालको आर्थिक विकास सम्भव छैन । नेपाल र नेपालीको आर्थिक विकास गर्न माथि भनिएको त्यो गोलचक्कर अर्थात् कुचक्र तोड्नैपर्छ । हामीले इमानदार नेता मात्र निर्वाचित गर्नुपर्छ ।

संस्करणमा देखिएका राजेन्द्र महतो र यस्तै प्रवृत्तिका अन्य नेताहरूको पछि लागेसम्म हामी गरीबीको त्यो कुचक्रबाट कहिले बाहिर आउन सक्तैनौं ।

## वैशाख १ गतेदेखि भगवानबहालबाहेक ठमेल र दरवारमार्ग २४सैं घण्टा खुल्ने

काठमाडौं, २९ चैत/रासस

राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलको भगवानबहाल क्षेत्रबाहेक अन्य क्षेत्र वैशाख १ गतेदेखि २४सैं घण्टा खुल्ने भएको छ । ठमेल पर्यटन विकास परिषद् र दरबारमार्ग विकास बोर्डले बिहीवार पत्रकार सम्मेलन गरी ठमेलको भगवानबहाल क्षेत्रमा स्थानीय बसोबास गर्दै आइरहेकाले सो क्षेत्रलाई छाडेर अन्य क्षेत्र २४सैं घण्टा सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेलभित्र रोजगार सृजना गर्दै व्यवसायलाई चलायमान बनाउनका लागि ठमेल र दरबारमार्गलाई २४सैं घण्टा सञ्चालन गर्न लागेको जानकारी दिए । "जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आचारसंहिता बमोजिम कानूनको परिधिमा रहेर ठमेल र दरबारमार्गलाई २४सैं घण्टा सञ्चालन गर्न लागिएको हो," उनले भने ।

अध्यक्ष शर्माले ठमेल र दरबारमार्गलाई २४सैं घण्टा खुलाउन स्थानीय, प्रदेश र केन्द्र सरकारका सुरक्षा निकायसँग सहकार्य भइसकेकाले ढुक्क भएर व्यापार–व्यवसाय गर्न सबै व्यवसायीलाई आग्रह गरे । ठमेलभित्र आठ हजार पाँच सय व्यवसायी र ६० हजार बढीले रोजगार पाएको उनको भनाइ छ ।

दरबारमार्ग विकास बोर्डका अध्यक्ष सञ्जय अधिकारीले ठमेल र दरबारमार्ग क्षेत्रलाई स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनाउन २४सैं घण्टा सञ्चालन गर्न लागिएको जानकारी दिए । उनले दरबारमार्गलाई लामो समयदेखि २४सैं घण्टा खुलाउन प्रयास गरे पनि उक्त प्रयासले भर्खर मात्र सार्थकता पाएको बताए । महेन्द्र सालिकबाट नारायणहिटी दरबार सङ्ग्रहालयसम्म खुला हुने दरबारमार्गमा दुई सय व्यवसायी र छ हजार व्यक्तिले रोजगार पाएको उनको भनाइ छ । शहरको वातावरणलाई पर्यटकको अनुकूल बनाउँदै जान सके मात्र लगानीअनुरूप प्रतिफल प्राप्त गर्न सकिने पत्रकार सम्मेलनमा बताइएको छ । ठमेल र दरबारमार्गबाट शुरू भएको २४ घण्टा सञ्चालन गर्ने अभियानलाई बिस्तारै देशका विभिन्न शहरमा लगिने विश्वास उनले व्यक्त गरे ।

## नेपालको अर्थतन्त्र तीन दशमलव छ प्रतिशतले वृद्धि हुने एडिबीको प्रक्षेपण

काठमाडौं, २९ चैत/रासस

एशियाली विकास बैंक (एडिबी)ले आर्थिक वर्ष २०८०/८१ मा नेपालको अर्थतन्त्र तीन दशमलव छ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । यसअघि विश्व बैंकले चालू आर्थिक वर्षमा तीन दशमलव तीन प्रतिशतले नेपालको अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरेको थियो ।

बैंकले बिहीवार पत्रकार सम्मेलन गरी आफ्नो प्रकाशन 'एशियन डेभलपमेन्ट आउटलुक' (एशियाली विकास परिदृश्य) २०८० सार्वजनिक गर्दै गत आर्थिक वर्ष २०७९/८० को तुलनामा एक दशमलव नौ प्रतिशतले वृद्धि भई नेपाली अर्थतन्त्र क्रमशः सुधारको बाटोमा अघि बढेको जनाएको छ ।

नेपाल सरकारको मौद्रिक नीतिमा क्रमिकरूपमा लचकता अपनाउँदै उपभोक्ता र लगानीकर्ताको विश्वास जित्ने र पछिल्लो छ महीनामा पूँजीगत खर्चमा तीव्रता दिने नीतिगत व्यवस्थाका कारण अर्थतन्त्र क्रमशः सुधारको दिशामा अघि बढेको बैंकले स्पष्ट गरेको छ ।

बैंकले कर्जा क्षेत्रमा देखिएको सहजता, ब्याजदरमा आएको गिरावट, पर्यटन तथा कृषि क्षेत्रको सुधार एवं निर्माणाधीन केही महत्त्वपूर्ण जलविद्युत् परियोजनाको उत्पादन शुरू भएसँगै औद्योगिक क्षेत्रमा परेको सकारात्मक प्रभावका कारण नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको बताएको छ ।

कार्यक्रममा एडिबी नेपालका प्रमुख अर्थशास्त्री इयान हासिनले विश्व अर्थतन्त्रमा देखिएको शिथिलताका कारण नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान रहेको पर्यटन तथा विप्रेषण क्षेत्र प्रभावित हुन सक्ने जोखिम रहेको चर्चा गर्दै गरीबी निवारण, जलवायु परिवर्तन, ऊर्जा क्षेत्रसहित समृद्ध एवं समावेशी नेपालका पक्षमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

एडिबी नेपालका वरिष्ठ अर्थशास्त्री मानवर खड्काले पछिल्लो समय दक्षिण एशियाली मुलुक अन्तर्गत भारत र बङ्गलादेश उच्च आर्थिक वृद्धिदर हासिल गर्न सफल भएको जानकारी दिंदै बाँकी अन्य देशको तुलनामा नेपालको अर्थतन्त्र सन्तोषजनक रहेको बताए ।

एडिबीका वरिष्ठ अर्थशास्त्री समीर खतिवडाले बाह्य लगानीमा भर नपरी विकास निर्माणसहित पूँजीगत खर्चको व्यवस्था देश स्वयंले गर्नुपर्ने धारणा व्यक्त गर्दै नतीजामुखी नीतिनियमसहित संरचनागत रूपान्तरणतर्फ नेपालको ध्यान जानुपर्ने सुझाव दिए ।

बैंकले पेट्रोलियम पदार्थको मूल्यमा देखिएको गिरावट र भारतको मुद्रास्फीति न्यूनीकरणसँगै नेपालको औसत मुद्रास्फीति गत आर्थिक वर्षको सात दशमलव सातको तुलनामा चालू आर्थिक वर्षमा छ दशमलव पाँच प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ । यसैगरी, चालू आर्थिक वर्षको बाँकी अवधिमा उच्च आयात र स्थिर विप्रेषण आप्रवाहले आर्थिक वर्ष २०८०/८१ मा चालू खाता घाटा कुल गार्हस्थ उत्पादनको शून्य दशमलव सात प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ ।

सन् १९६६ मा स्थापित एडिबीमा एशिया–प्रशान्त क्षेत्रका ४९ सहित ६९ सदस्यहरूको स्वामित्व रहेको छ ।

## दुग्ध किसानको रु ४८ करोड भुक्तानी बाँकी

हेटौंडा, २९ चैत/ रासस

मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घले दुग्धजन्य उद्योगसँग रु ४८ करोड भुक्तानी लिन बाँकी रहेको जनाएको छ । सङ्घले किसानलाई सो बराबरको रकम समयमैं भुक्तानी नभए आफूहरू आन्दोलनमा जाने चेतावनी दिएको छ ।

गत फागुनमा केन्द्रीय दुग्ध सहकारी सङ्घ र नेपाल सरकार कृषि मन्त्रालय अन्तर्गत दुग्ध विकास संस्थान तथा निजी डेरीबीच भएको सम्झौता अनुसार चैत २१ गतेसम्म पुस मसान्तसम्मको दूधको भुक्तानी गर्ने सहमति भएको थियो । तर सो समयमा सम्झौता अनुसार भुक्तानी नभएको भन्दै सङ्घले आन्दोलन गर्ने चेतावनी दिएको हो ।

सङ्घका अध्यक्ष हरिप्रसाद कँडेलले सम्झौता अनुसार दूधको भुक्तानी चैत मसान्तभित्र गरिसक्नुपर्ने र बाँकी भुक्तानी निरन्तर दिने व्यवस्था गर्नुपर्ने, किसानबाट उत्पादित दूध निरन्तर बिक्री हुने व्यवस्था मिलाउनुपर्ने बताए । उनले दुग्ध उत्पादक किसानलाई दिंदै आएको लिटर अनुदानलाई निरन्तर दिने व्यवस्था गरिनुपर्ने र पशु बीमालाई सहकारी संस्थामार्फत गर्ने व्यवस्था गरिनुपर्ने माग गरे ।

अध्यक्ष कँडेलले दुग्ध उत्पादक किसानका समस्याप्रति बेवास्ता गर्ने सरकार र निजी दुग्ध उद्योगीविरुद्ध निर्णायक आन्दोलनमा सहभागी हुनुपर्ने अवस्था आएको बताए ।

उनले सम्पूर्ण दुग्ध उत्पादक किसानलाई आन्दोलनको तयारी अवस्थामा रहन निर्देशन दिइएको जानकारी बाग्मती प्रदेश खानेपानी, ऊर्जा तथा सिंचाइमन्त्री एकालाल श्रेष्ठलाई गराइएको बताए ।

मन्त्री श्रेष्ठ यसै क्षेत्रबाट चुनाव जितेकाले समस्या समाधानमा लागिदिन आग्रह गरिएको उनको भनाइ छ ।

## भोजपुरी गीती एल्बमको छायाङ्कन शुरू

प्रस, वीरगंज, २९ चैत/

जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरामा बुधवार भोजपुरी गीती एल्बमको छायाङ्कन शुरू भएको छ ।



तस्वीर: प्रतीक

नेपाली काङ्ग्रेस बाराका क्षेत्रीय सभापति लुकेश सिंहले भोजपुरी गीती एल्बम सुटिङको शुभारम्भ गरेका थिए । गायक धर्मेन्द्र पटेलद्वारा रचिएका गीतमा उनीसमेत भारतीय कलाकार शिवानी यादवले अभिनय गरेका छन् । तीन लाख रुपैयाँको लागतमा भोजपुरी गीती एल्बम निर्माण गरिने लक्ष्य रहेको निर्माण पक्षले जनाएको छ ।

# समृद्धिका लागि सुशासनमैत्री मार्गचित्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**नयाँ सरकार पनि कति स्थिर हुने हो थाहा छैन, तर यसले पनि आर्थिक उन्नतिका सपना देख्न र यसतर्फ काम गर्नबाट विमुख हुन सक्ने अवस्था छैन । नेपालीलाई कसले सरकार सञ्चालन गर्ने सरोकारभन्दा आम नागरिकको जीवनस्तर उक्सेको देखिनेगरी काम गर्ने सरकार चाहिएको छ ।**

लोकतान्त्रिक मूल्य मान्यतालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि सुशासनलाई सशक्त औजारका रूपमा लिने गरिन्छ । नेपालको संविधानले पनि स्वच्छ र समुन्नत समाजका आधारशिलाका रूपमा यसलाई अङ्गीकार गरेको छ भने नेपालको पन्ध्रौं पञ्चवर्षीय योजना र सङ्घीय तहको चालू बजेटले समेत यसलाई समृद्धिको आधार बनाएको छ। समृद्ध समाज निर्माणका लागि भ्रष्टाचार नियन्त्रण गरी सदाचारमैत्री शासन प्रणाली स्थापना गर्नुपर्ने आवश्यकतालाई नेपालले सैद्धान्तिकरूपमा जोड दिंदै आएको छ । तर नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी सुशासनमैत्री कानून र कार्यविधि समसामयिक बनाउन सकिएको छैन । भ्रष्टाचारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि, २००३ लाई नेपालले सन् २०११ मा अनुमोदन गरिसकेको छ। सार्वजनिक क्षेत्र मात्र होइन, निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने उपायसमेत पक्ष राष्ट्रहरूले अवलम्बन गर्नैपर्ने, सुशासनका लागि प्रभावकारी आनुपातिक र दुरुत्साहनमुखी देवानी, प्रशासनिक वा फौजदारी दण्ड दिने व्यवस्था गर्नुपर्ने प्रावधानलाई यस महासन्धिमा उल्लेख गरिएको छ। तर सो महासन्धिसमेतका अन्तर्राष्ट्रिय कानूनले गरेका विभिन्न प्रावधान अनुरुप त्यस्ता उपाय अवलम्बन गर्ने सम्बन्धमा भने नेपालले खास काम गर्न सकेको देखिंदैन ।

अन्तर्राष्ट्रिय कानूनमा समावेश भएको विषयमा राष्ट्रिय कानून बनाउनुपर्ने भनी अनिवार्य गरिएको विषय लागू गर्न प्रतिबद्धता व्यक्त गर्ने, तर त्यस्तो कानून बनाउनतिर ध्यान नदिने परिस्थितिबाट नेपाल गुज्रिरहेको छ । फलस्वरूप व्यवस्थापिकाको भूमिकामा रहेको संसद् र त्यसलाई काम दिनुपर्ने सरकारको प्रभावकारितामाथि नै प्रश्नचिह्न उठ्दै आएको छ । यस अवस्थालाई गम्भीर सामाजिक, नैतिक र राज्य वा व्यक्तिलाई पार्ने क्षतिको दृष्टिबाट हेर्न सक्नुपर्छ । शासकीय गतिशीलता प्रदर्शन गर्न प्रशासनिक व्यवस्थापनसँग सम्बद्ध गतिविधिलाई चुस्तदुरुस्त राख्नुपर्ने अहिलेको आवश्यकता छ । भ्रष्टाचार, अनियमितता र शासकीय अनुशासनहीनताजस्ता विकृति नियन्त्रण गरी सुशासन कायम गर्न नेपालमा भइरहेका प्रयास अपर्याप्त देखिंदासमेत यसमा सुधार गर्नुपर्ने जिम्मेवारी लिएका निकाय निष्प्रभावी बन्नु, राज्य संयन्त्रको बहुआयामिक उपादेयताको बेवास्ता मात्र हो । सुशासन प्रवर्द्धनमा भ्रष्टाचार निवारण ऐन, २०५९ का कमजोरी सुधार्न ध्यान नदिनु यसैको एउटा सबल उदाहरण हो। यस ऐनलाई हेर्ने हो भने सार्वजनिक पदमा भएको व्यक्ति वा त्यस्ता व्यक्तिसँग जोडिएका व्यक्तिले मात्रै भ्रष्टाचारजन्य कार्य गर्न सक्छन् भन्ने खालको व्यवस्थाले भ्रष्टाचारको क्षेत्रलाई सीमित गराई यसको नियन्त्रण कठिन बनाएको देखिन्छ। भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा २१ मा निजी क्षेत्रको भ्रष्टाचारलाई समेत भ्रष्टाचारसम्बन्धी कसूरमा समावेश गर्नुपर्ने बाध्यकारी प्रावधान छ । तर, यसविपरीत कानूनी व्यवस्थाले नेपालमा निरन्तरता पाइरहेको छ। यसबाट समेत नेपालमा भ्रष्टाचारको अवस्था थप जटिल बन्दै गएको बुझ्न सकिन्छ । त्यसैले आर्थिक विकास वा समृद्धिका लागि मुलुकमा सुशासनमैत्री प्रशासनको खाँचो छ।

सार्वजनिक पदमा भएका वा तिनीहरूसँग जोडिएका व्यक्तिले मात्रै भ्रष्टाचारजन्य कार्य गर्न सक्छन् भन्ने खालको व्यवस्थाले भ्रष्टाचार नियन्त्रणलाई कठिन बनाएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले वार्षिकरूपमा सार्वजनिक गर्ने प्रतिवेदनमा नेपालले प्राप्त गर्ने न्यून अङ्कले हाम्रो अवस्थाको प्रतिनिधित्व गर्दै आएको छ । हालै सार्वजनिक भएको सो प्रतिवेदनमा नेपाल ३५ अङ्क प्राप्त गरेर १०८ औं स्थानमा रहेको देखिन्छ। सन् २००९ मा २९ अङ्क प्राप्त गरेर १५२ औं स्थानमा रहेको नेपालले विगत दुई वर्षसम्म लगातार ३४ अङ्क प्राप्त गर्‍यो। यस वर्ष एक अङ्क बढी प्राप्त गर्दैमा हाम्रो सुशासनको अवस्थामा सुधार भएको मान्न सकिन्न। बरु यस सूचीको शुरूदेखि नै ५० भन्दा कम अङ्क प्राप्त गर्ने सबैभन्दा बढी भ्रष्ट मुलुकको सूचीमा नेपाल पर्दै आएकोले चिन्ता लिनुपर्ने अवस्था छ।

भ्रष्टाचारविरुद्ध महासन्धिमा भएका व्यवस्था, नेपालमा सङ्घीयताको कार्यान्वयनका क्रममा तीनै तहमा कम हुन नसकेको भ्रष्टाचारको अवस्था, सङ्गठितरूपमा बढ्दो भ्रष्टाचारको अवस्थासमेतले समाजका धेरै पक्ष नैतिकहीन बन्दै सदाचारविरुद्ध क्रियाकलापमा संलग्न भएको देखिन्छ। यसबाट सुशासनका लागि राज्यका तीनै अङ्गले आफ्नो प्रभावकारिता सिद्ध गरी भ्रष्टाचारविरुद्ध निर्मम भएर प्रस्तुत हुनु आवश्यक देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, भ्रष्टाचार निवारण ऐन, २०६४ लगायत छरिएका भ्रष्टाचार निवारणसम्बन्धी कानूनी व्यवस्थालाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी एकीकृत छाता ऐन निर्माण गरी सम्बोधन गर्ने प्रयासमा सरकार दत्तचित भएर लाग्नुपर्ने अहिलेको आवश्यकता देखिएको छ । बैंकिङ, राजस्वलगायत विषयमा हुने गरेका भ्रष्टाचारका विषयसमेत यस्ता ऐनले सम्बोधन गर्न सक्नुपर्दछ।

सम्पत्ति शुद्धीकरण र बैंक तथा वित्तीय संस्थामा हुने भ्रष्टाचारमा अन्तर्राष्ट्रिय कानूनले परिकल्पना गरेबमोजिम व्यावसायिक र स्वतन्त्र निकायबाट अनुसन्धान र अभियोजन गर्न नसकेको विषयलाई कानूनमार्फत सम्बोधन गर्नुपर्ने देखिन्छ।

वास्तवमा आर्थिक विकास वा समृद्धिका लागि स्थिर सरकारको आवश्यकता पर्छ। राजनीतिक स्थिरता भए मात्र स्थिर सरकार हुने र स्थिर सरकार भएको अवस्थामा मात्र आर्थिक क्रियाकलाप निर्वाध सञ्चालन हुन सक्छ। आर्थिक क्रियाकलाप निर्वाधरूपमा सञ्चालन भए मात्र आर्थिक वृद्धि उच्च हुने तथा विकासले स्वाभाविक गति लिन सक्छ। अर्थतन्त्रमा हुने गुणक प्रभावका कारण कुनै एक क्षेत्रमा गरिने खर्चले अन्य क्षेत्रको आम्दानी बढाउने मात्र नभई रोजगार सिर्जना गर्नसमेत उल्लेख्य भूमिका खेलेको हुन्छ। भूमि, पूँजी र श्रमजस्ता उत्पादनका साधनमा लगानी गरी यिनको कुशल प्रयोगबाट उत्पादकत्व वृद्धि गर्न सके उच्च आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । आर्थिक विकासका माध्यमबाट मात्र आम नेपालीको जीवनस्तर उकास्न सकिन्छ।

हुन त सङ्घीय लोकतान्त्रिक राजनीतिक प्रणाली, कुशल राजनीतिक संस्थाहरू र परिपक्व नेताविना राजनीतिक स्थिरता हासिल हुन सक्दैन। राजनीतिक स्थिरता भएका मुलुकहरूले छोटो समयमा उल्लेख्य विकास गरेका छन् । उदाहरणको लागि कोरिया, सिंगापुर, ताइवान, मलेशिया आदिलाई लिन सकिन्छ । चीनमा राजनीतिक स्थिरता छ, त्यसैले आर्थिक वृद्धि पनि उच्च छ र तीव्र विकासको चरणमा छ । भारतमा पनि स्थिर सरकार भएकोले आर्थिक वृद्धि राम्रो छ। राजनीतिक स्थिरताले लगानी भित्र्याउन सहयोग गर्ने, उद्यमशीलता विकास गर्ने र असल आर्थिक संस्थाहरूको विकासमा सहयोग गर्ने भएकोले अर्थतन्त्रको विस्तारको लागि अनुकूल वातावरण बन्न जान्छ । विश्वव्यापीरूपमैं चलायमान अवस्थामा रहेको पूँजी र श्रम उच्च प्रतिफल प्राप्त गर्न सकिने मुलुकहरूमा प्रवाह हुने र ती मुलुकहरूको विकासको लागि ठूलो मदत हुन्छ भने अस्थिर मुलुकहरूबाट श्रमिक र पूँजी दुवै पलायन भइरहेको हुन्छ।

अहिले बनेको नयाँ सरकार पनि कतिको स्थिर हुने हो थाहा छैन, तर यसले पनि आर्थिक उन्नतिका सपना देख्न र यसतर्फ काम गर्नबाट विमुख हुन सक्ने अवस्था छैन। नेपाली नागरिकलाई कसले सरकार सञ्चालन गर्ने भन्ने सरोकारभन्दा पनि आम नागरिकको जीवनस्तर उक्सेको देखिने गरी काम गर्ने सरकार चाहिएको छ । आर्थिक विकासका एजेन्डामा केन्द्रित भई स्वदेशी धरातलमा टेकेर गरिने विकास नै नेपालको अहिलेको अपरिहार्य आवश्यकता हो । समृद्धिको सारथिको रूपमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीनखम्बे नीति आत्मसात् गरिरहँदा शासन प्रक्रियामा सहभागी सबैको व्यवहारलाई सुशासनमैत्री बनाउन दह्रो प्रतिबद्धता आवश्यक छ। समाजका सबै तह र तप्कामा हुने व्यवहारलाई नैतिकता र सार्वजनिक जवाफदेहिताको ऐनामा सफा देखिने बनाउन समाजमा हुने सबै खालका भ्रष्टाचारजन्य गतिविधि नियन्त्रण गर्न सक्ने कानूनी संयन्त्रको विकास गर्नु अनिवार्य छ । शासन व्यवस्थामा बहुलवादी सोचको अवलम्बन र पारदर्शी कार्यव्यवहारको प्रवर्द्धनले राज्य तथा राज्यबाहेक क्षेत्रको समेत शासन प्रक्रियामा प्रभावकारिता अभिवृद्धि गर्छ। सार्वजनिक पदाधिकारीसँगै निजी, सार्वजनिक र गैरसरकारी क्षेत्रका व्यवहारको समेत उचित निगरानी र नियमन हुनुपर्ने आवश्यकतालाई शासन प्रक्रियामा सहभागी सबै पक्षको आर्थिक, सामाजिक तथा सांस्कृतिक आचरण र व्यवहारमा जवाफदेहिता र उत्तरदायित्व संस्कृतिसँग जोड्नु नै अहिलेको प्रथम आवश्यकता हो।



**ठूलोखोला जलविद्युत् आयोजनाको सर्ज साफ्ट ब्रेक थ्रु** म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ मा निर्माणाधीन २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाको मुख्य सुरुङसँग जोडिएको 'सर्ज साफ्ट'। संयुक्त ऊर्जा लिमिटेड प्रवर्द्धक रहेको ठूलोखोलाको सुरमा भन्ने ठाउँमा ४३.३६ मिटर गहिरो सुरुङ बनाएर मुख्य सुरुङसँग जोड्ने कार्य गएराति सम्पन्न भएको छ। तस्बिरः सन्तोष गौतम/रासस

**वर्षान्त २०८० ...**

लेखक तथा समीक्षक सामीप्यराज तिमल्सेनाको विश्लेषण छ । कोरोना महामारीपछि डिजिटल प्लेटफर्ममा बढेको आकर्षण र चलचित्र साक्षरता बढेको मानिए पनि त्यसको प्रभाव नदेखिएको उनको बुझाइ छ।

"यस वर्ष शृङ्खला र रमाइला चलचित्रमा दर्शकको उपस्थिति देखियो। यसले दर्शक चलचित्र भवनमा दुःखका कथालाई हेर्न इच्छुक हुनुहुन्न भन्ने पनि सङ्केत गरेको छ । ओटिटीमा हेरेर प्रशंसा गरिएका विदेशी चलचित्रकै विधामा तयार भएका नेपाली चलचित्रलाई दर्शकले चासो देखाएनन्," उनले भने।

चलचित्र हेर्न परिवारलाई नै दर्शक बनाएर चलचित्र भवनसम्म ल्याउन सकेमा व्यापार बढ्ने निर्देशक प्रदीप भट्टराईको बुझाइ छ । उनले निर्देशन गरेका चलचित्र सोही शैलीमा तयार गरिएको छ। 'जात्रा' शृङ्खलासँगै 'शत्रु गते' र 'महापुरुष' निर्देशन गरेका भट्टराई निर्देशित 'महाजात्रा' वर्षकै दोस्रो व्यावसायिक सफल चलचित्रसँगै उनको पहिलो सफल चलचित्र बनेको छ।

"म र मेरो समूहले व्यापारलाई सोचेर चलचित्र तयार गरेका छैनौं । हाम्रो विश्वास घट्न नदिने र चलचित्र भवनसम्म आउँदा दर्शकमा देखिएको उत्साह निस्किंदा पनि देखियोस् भन्ने सोच राख्ने गरेका छौं । अहिले पनि सोही कारण परिवार नै दर्शक बनेर चलचित्र भवनमा आउनुभएको छ," निर्देशक भट्टराईले भने।

चलचित्र विकास बोर्डका सदस्य रवि अधिकारी यस वर्ष सकिंदा स्वदेशी ५२ सँगै विदेशी ८८ वटा चलचित्र प्रदर्शन हुने बताए । अन्तिम शुक्रवार चलचित्र प्रदर्शन भएपछि विसं २०८१ वैशाख १ मा बक्सअफिस रिपोर्ट सार्वजनिक गरिने तयारी भइरहेको उनले बताए।

"हामीले आधिकारिकरूपमैं बक्सअफिसको विषयमा कुरा गर्दैछौं । त्यस कारण अहिले व्यापारबारे हामीले बोल्न मिल्दैन । यद्यपि यो वर्ष नेपाली चलचित्रको व्यापार राम्रो देखिएको छ। सुखद पक्ष विदेशी चलचित्रलाई स्वदेशीले टक्कर दिएको छन्," बोर्ड सदस्य अधिकारीले भने।

यो वर्ष चलचित्र भवनले सो सङ्ख्या नदिएको विवाद धेरैपटक उठ्यो । तर वर्षको अन्त्यमा नेपाली चलचित्रले गरिरहेको व्यापार देखेर कुनै वितरकले विदेशी चलचित्र नेपालमा ल्याउने आँट गर्न सकेनन्।

विदेशी चलचित्रकै कारण स्वदेशी चलचित्र हेपिएको प्रश्न उठिरहँदा पछिल्लो उदाहरणले नेपाली निर्मातालाई साहस र ऊर्जा थपेको छ। सम्भवतः धेरैपछि विदेशी ठूला चलचित्र नेपालमा एकै मितिमा प्रदर्शन हुनेछैनन्। यसले 'हाम्रो नयाँ वर्षमा, हाम्रै चलचित्र' भन्ने नारालाई सफल बनाएको छ।

समग्रमा विसं २०८० मा भएका कामले आशावादी हुने ठाउँ प्रशस्तै दिएको छ । किनकि प्रदर्शन भएकासँगै हुन बाँकी चलचित्र धेरै छन् । जसको नतीजा आउँदो वर्ष देखिनेछ । जहाँ नेपाली चलचित्रले कलात्मक र व्यावसायिक दुवै पाटोमा आफूलाई अब्बल साबित गर्नेछ।

**सञ्चालक अन्सारी र डा साह ...**

गृहमन्त्री रवि लामिछानेले राति यो सब खेल रचेको स्रोतको दाबी छ।

हिजो थप पाँच दिनको हिरासतमा राखेर अनुसन्धान गर्ने म्याद थपेको प्रहरीले साँझदेखि न्यायाधिवक्ताको राय माग्न बाध्य भयो। छापामारीमा संलग्न कार्यालयका प्रतिनिधिहरूको खोजी गर्‍यो, प्रजिअ र प्रहरी प्रमुखलाई ठाडो आदेश भयो, कागजात बन्यो र हाजिर जमानीमा रिहा गरियो। एकजना सुरक्षा अधिकृतले माथिको आदेशमा हाजिर जमानीमा रिहा गरिएको बताए।

गृहमन्त्री लामिछाने जनकपुरबाट बिहीवार बाराको प्रसिद्ध गढिमाई मन्दिर दर्शन गरेर वीरगंजमा सरकारी र पार्टीको कार्यक्रममा सहभागी भएका थिए।

नेशनल मेडिकल कलेजको म्याद गुज्रिएको केमिकल प्रयोग गरेको प्रकरणमा पक्राउ परेका दुईजनालाई जरिवानामा छाड्न गृहमन्त्री लामिछानेको ठाडो आदेश रहेको स्रोतको दाबी छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## म्यान्माद्वारा झन्डै नौ अर्ब डलरका सामान निर्यात

याङ्गुन, २९ चैत/सिन्ह्वा

म्यान्माको वाणिज्य मन्त्रालयले आर्थिक वर्ष सन् २०२३–२४ मा म्यान्माले आठ अर्ब ८० करोड अमेरिकी डलर बराबरको कारखानाबाट उत्पादित सामान निर्यात गरेको जनाएको छ।

यद्यपि यो निर्यात अघिल्लो आर्थिक वर्ष सन् २०२२–२३ को तुलनामा केही कम हो। मन्त्रालयका अनुसार सन् २०२२–२३ मा म्यान्माले १० अर्ब ९४ करोड डलर बराबरका सामान निर्यात गरेको थियो।

मन्त्रालयका अनुसार सरकारी क्षेत्रबाट तीन अर्ब ३० करोड तथा निजी क्षेत्रका उपक्रमबाट पाँच अर्ब ५० करोड अमेरिकी डलर बराबरको निर्यात भएको छ। सन् २०२३–२४ मा सबै किसिमका सामानको कुल निर्यात भने १४ अर्ब ६० करोड डलर बराबर भएको मन्त्रालयको भनाइ छ।


तस्वीरः एजेन्सी

म्यान्माले कारखानाबाट उत्पादित सामग्री र कृषि उत्पादनबाट सर्वाधिक बढी वैदेशिक मुद्रा आय गर्दछ। म्यान्माले कृषि, पशु, खनिज, वन्यजन्यसमेत वस्तुहरू चीन, थाइल्यान्ड, बङ्गलादेश र भारततर्फ सबैभन्दा बढी निकासी गरिरहेको छ। रासस

## पाकिस्तानमा ट्रक दुर्घटना, १७ जनाको मृत्यु, ३५ घाइते

इस्लामाबाद, २९ चैत/सिन्ह्वा

पाकिस्तानको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको हब जिल्लामा भएको


तस्वीरः एजेन्सी

ट्रक दुर्घटनामा कम्तीमा १७ जनाको मृत्यु हुनुका साथै ३५ जना घाइते भएको स्थानीय उद्धार सेवाले बिहीवार पुष्टि गरेको छ।

हब जिल्लाको गुलाम हुसेन चत्ता क्षेत्रमा धार्मिक तीर्थयात्रीहरू बोकेको ट्रक बुधवार राति दुर्घटनामा परेको उद्धार सेवाका स्थानीय प्रतिनिधि अब्दुल हकिमले जानकारी दिए।

उच्च गतिका कारण चालकले गाडीको नियन्त्रण गुमाउँदा उक्त घटना भएको पनि हकिमले घाइतेको भनाइ उद्धृत गर्दै बताए।

दुर्घटनाको जानकारी पाएलगत्तै उद्धारकर्मीहरू घटनास्थल पुगी घाइतेहरूको उद्धार गरी स्थानीय अस्पताल पुऱ्याएका थिए। कतिपय गम्भीर घाइतेलाई थप उपचारका लागि दक्षिणी बन्दरगाह शहर कराँची लगिएको छ।

तीर्थयात्री बोकेको ट्रक सिन्ध प्रान्तको थट्टा जिल्लाबाट बलुचिस्तानको खुजदार जिल्लातर्फ जाँदै थियो।

सवारी साधनको मरम्मतसम्भारमा लापरवाही, भत्किएका सडक र सडक सुरक्षामा लापरवाहीका कारण पाकिस्तानमा बर्सेनि ठूलो सङ्ख्यामा सवारी दुर्घटना हुने गर्दछ। रासस

## रूसले युक्रेनमा रातभर ४० क्षेप्यास्त्र र ४० ड्रोन प्रहार गऱ्यो –जेलेन्स्की

किभ (युक्रेन), २९ चैत/एएफपी

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीवार राति रूसले 'महत्त्वपूर्ण पूर्वाधार' लाई लक्षित गर्दै युक्रेनमा ४० भन्दा बढी क्षेप्यास्त्र र ४० वटा ड्रोन प्रहार गरेको बताएका छन्।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समार्फत रूसी हमलाबारे जानकारी दिँदै केही क्षेप्यास्त्र र ड्रोन युक्रेनी प्रतिरक्षा फौजले सफलतापूर्वक खसालिदिएको बताएका छन्।

रूसले युक्रेनका विद्युत, सञ्चार, रेल्वे समेतका महत्त्वपूर्ण पूर्वाधारलाई लक्षित [illegible] छन्। यी आक्रमणबाट कुनै पनि व्यक्ति हताहत नभएको पनि युक्रेनको भनाइ


तस्वीरः एजेन्सी

छ। रूसले राजधानी शहर किभ, जापोरिभिया र ओडेसाका साथै पोल्यान्डसँग सीमा जोडिएको लभिभ शहरलाई पनि लक्षित गरी आक्रमण गरेको छ।

राष्ट्रपति जेलेन्स्कीले युक्रेनको दोस्रो ठूलो शहर खार्किब र त्यस वरपरको क्षेत्रमा पनि क्षेप्यास्त्र आक्रमण गरेको बताएका छन्। यस शहरलाई केन्द्रित गरेर पछिल्ला दिनहरूमा रूसले निरन्तर आक्रमण गरिरहेको छ।

युक्रेनका गृहमन्त्री आइगोर क्लिमेन्कोले देशका विभिन्न भागमा सयौँ उद्धारकर्मी परिचालन गरिएको जानकारी दिएका छन्।

यसैबीच, रूसले पनि रूसका विभिन्न शहरलाई लक्षित गरी प्रहार गरिएका १२ वटा युक्रेनी ड्रोन खसालेको दाबी गरेको छ। युक्रेनले पनि रूसका विभिन्न भागमा ड्रोनमार्फत केही महीनादेखि लगातार हमला गरिरहेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – अलमल | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – चोरभय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धननाश |
| कुम्भ – भाग्योदय | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे




## चिनियाँ विश्वविद्यालयको संस्कृत मोह

काठमाडौँ, २९ चैत/ रासस

विश्वका विभिन्न प्रतिष्ठित विश्वविद्यालयसँग सम्झौता गरिरहेको चीनको बेइजिङ फरेन स्टडी युनिभर्सिटीको टोली बुधवार वाल्मीकि विद्यापीठ पुगेको थियो। यसअघि त्रिभुवन विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयसँग सहकार्यका लागि सम्झौता गरिसकेको चिनियाँ टोली बुधवार नेपाल संस्कृत विश्वविद्यालय (नेसंवि)सँग सम्झौता गर्न वाल्मीकि पुगेको हो।

नेसंविका उपकुलपति प्राडा यादवप्रकाश लामिछाने तथा बेइजिङ फरेन स्टडी युनिभर्सिटीको परिषद् अध्यक्ष प्राडा वाङडिङ हुवाबीच सहकार्यसम्बन्धी पाँच बुँदे सम्झौतामा बिहीवार हस्ताक्षर भएको छ। सम्झौता अनुसार नेसंवि र फरेन स्टडीबीच विद्यार्थी आदानप्रदान गरिनेछ। साथै दुवै विश्वविद्यालयले एकअर्काका प्राध्यापक, प्राज्ञिक व्यक्तित्व तथा शैक्षिक प्रशासनका अधिकारीलाई समेत आदानप्रदान गर्नेछन्।

यसैगरी, दुवै विश्वविद्यालयले संयुक्तरूपमा स्नातक तथा स्नातकोत्तर तहका कार्यक्रमसमेत सञ्चालन गर्नेछन्। सम्झौता अनुसार दुवै विश्वविद्यालयले आवश्यक ठानेका क्षेत्रमा संयुक्त अनुसन्धान गर्न सहकार्य गर्नुका साथै दुवै विश्वविद्यालयसँग रहेका शैक्षिक सामग्री र सूचनासमेत आदानप्रदान गरिने सम्झौतामा उल्लेख छ।

सम्झौता कार्यान्वयनका लागि दुई विश्वविद्यालयबीच थप गृहकार्य गरिने, आर्थिक पक्षसम्बन्धी विषयमा छुट्टै परामर्श गरिने तथा सम्झौताले नसमेटेका पक्षमा


तस्वीरः रासस

थप परामर्श गरी छुट्टै सम्झौता गरिने पनि सम्झौतापत्रमा उल्लेख छ। सम्झौताको अवधि पाँच वर्षको रहने र दुवै पक्षको लिखित सहमतिपछि नवीकरण हुने उल्लेख छ।

हस्ताक्षर कार्यक्रममा चिनियाँ विश्वविद्यालय परिषद्का अध्यक्ष प्राडा हुवाले सम्झौताले दुई विश्वविद्यालयबीच मात्र नभई नेपाल र चीनबीचकै दौत्य सम्बन्धमा नयाँ आयाम थप्ने बताए। विश्वका १८५ देशका प्रमुख विश्वविद्यालयसँग फरेन स्टडी युनिभर्सिटीले यस प्रकारको सम्झौता गरिसकेको उनले जानकारी दिए।

प्राडा हुवाले दुई विश्वविद्यालयबीच गहन सहकार्यका लागि दुवैले प्राज्ञिक ज्ञानको आदानप्रदान शुरू गर्नुपर्ने र एकअर्काको देशमा प्रत्यक्ष भ्रमणसमेत शुरू गर्नुपर्ने बताए। यसैगरी, अनुसन्धानको क्षेत्रमा दुवै विश्वविद्यालयबीच सहकार्य गरिनुपर्ने धारणा उनको थियो।

चिनियाँ विश्वविद्यालयले संस्कृत र नेपाली भाषामा अध्ययन गर्नेतर्फ विशेष रुचि देखाएको प्राडा हुवाले बताए। संस्कृत भाषाको अध्ययन–अध्यापनका दृष्टिले नेसंविको महत्त्व विश्वव्यापी रहेको धारणा उनको थियो।

नेसंविका उपकुलपति प्राडा लामिछानेले संस्कृत भाषाप्रति चिनियाँ प्राज्ञहरूको मोह सम्मानयोग्य भएको बताउँदै दुई विश्वविद्यालयबीच आगामी दिनमा गहन सहकार्य हुने विश्वास व्यक्त गरे।

सम्झौता हस्ताक्षर समारोहमा फरेन स्टडी युनिभर्सिटीका तर्फबाट अध्यक्ष प्राडा हुवाका साथमा एशियाली तथा अफ्रिकी अध्ययन स्कूलका अध्यक्ष छू ए, निर्देशक हे जेङ र त्रिभुवन विश्वविद्यालय स्कूल अफ एशियन स्टडिजकी निर्देशक जिङ युन (इन्दिरा) को सहभागिता थियो।

## समुदायको स्वीकृतमा मात्र 'क्लिनिकल ट्रायल' गर्नुपर्ने

काठमाडौँ, २९ चैत/ रासस

कुनै पनि रोगविरुद्धको खोप/औषधिको 'क्लिनिकल ट्रायल' सामुदायको स्वीकृत लिएर गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनामा १०औँ स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकहरूको शिखर सम्मेलनमा 'तथ्य र अनुसन्धानमा आधारित क्लिनिकल ट्रायल' विषयक छलफलमा समुदायको स्वीकृति लिएर मात्र 'क्लिनिकल ट्रायल' गर्नुपर्नेमा जोड दिए।

औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले क्लिनिकल ट्रायलका लागि मापदण्ड बने पनि प्रभावकारी नभएको बताए। उनले आयुर्वेद औषधिमा पनि 'क्लिनिकल ट्रायल' बनाइरहेको बताए। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थानका अनुसन्धान विभागका प्रमुख डा प्रदीप ज्ञवालीले क्लिनिकल ट्रायलका लागि अनुसन्धानलाई अघि बढाउनुपर्नेमा जोड दिए।

उनले कोरोना भाइरस महामारीको बेला कोरोनाविरुद्धको खोपका लागि नेपालमा पहिलो 'क्लिनिकल ट्रायल' गरिएको बताए। उनी आफू परिषद्को सदस्यसचिव रहेको बेला 'क्लिनिकल ट्रायल'सम्बन्धी मापदण्ड बनाएको भन्दै त्यसलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए।

फोर्ड विश्वविद्यालय क्लिनिकल रिसर्च युनिटका नहिदा हकले समुदायको स्वीकृतिमा मात्र क्लिनिकल ट्रायल गर्नुपर्ने भन्दै क्लिनिकल ट्रायललाई गलतरूपमा प्रयोग गर्न नहुने बताइन्।

परिषद्का इथिकल रिभ्यू बोर्डका डा दिप्तेश अर्यालले क्लिनिकल ट्रायलसम्बन्धी नयाँ मापदण्ड बने पनि सार्वजनिक नगर्दा क्लिनिकल ट्रायल गर्न समस्या भएको बताए।

परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा मेघनाथ धिमालले परिषद्सँग अनुमति लिएर गरिएका क्लिनिकल ट्रायल अनुसन्धानको आचारसंहिता अनुसार नै रहेको बताए।




### संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/१२/३०)

मधेस प्रदेश, पर्सा जिल्ला, पटेर्वासुगौली गाउँपालिका वडा नं १ स्थित अवध कुमार पुरी प्रस्तावक रहेको निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अवध कुमार पुरी, पटेर्वासुगौली गाउँपालिका–१, पर्सा, मधेस प्रदेश, नेपाल |
| प्रस्तावको बेहोरा तथा निर्देशाङ्कहरू | मधेस प्रदेशको पर्सा जिल्ला, पटेर्वासुगौली गाउँपालिका वडा नं १ स्थित अवध कुमार पुरीको निजी जग्गामा पोखरी निर्माण कार्य। निर्देशाङ्कहरूः<br>X: 0281200 X: 0281347 X: 0281271 X: 0281400 X: 0281332<br>Y: 3011684 Y: 3011806 Y: 3011862 Y: 3011785 Y: 3011606 |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा. क्षेत्रहरू | पर्सा जिल्ला, पटेर्वासुगौली गाउँपालिका, वडा नं १ वरपरका क्षेत्रहरू |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्छ भनी यकीन गर्न सो स्थानका न.पा. र गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाका लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगानाः**

वातावरण शाखा, पटेर्वासुगौली गाउँपालिका, पर्सा, मधेस प्रदेश, नेपाल, इमेलः info@paterwasugaulimun.gov.np

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | अवध कुमार पुरी, पटेर्वासुगौली गाउँपालिका, वडा नं १, पर्सा, मधेस प्रदेश नेपाल<br>इमेलः ranjitpuri@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | अर्नब मेडिकेयर प्रा.लि.<br>महालक्ष्मी नगरपालिका–४, ललितपुर, बाग्मती प्रदेश, नेपाल<br>इमेलः medicoarnav2077@gmail.com |



**कुरा फेरियो शैली फेरिएनः** गृहमन्त्री रवि लामिछानेको बिहीवार बिहान करीब ९ बजे पूर्व-पश्चिम महेन्द्र राजमार्ग निजगढ सडकखण्ड हुँदै गएको लावास्करसहितको सवारी। बिहान करीब ८ बजेदेखि बाराका धन्सार, भमरा, शहीदचोक, बुद्धचोक, बकैयापुल, तामागढी हुँदै तीन दर्जनन स्थानमा जनपद, सशस्त्र र ट्राफिक प्रहरीहरू खटेका थिए। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

# गृह प्रशासन वैध व्यापारीको पक्षमा –गृहमन्त्री लामिछाने

प्रस, वीरगंज, २९ चैत/

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले गृह प्रशासन गलत क्रियाकलाप नगरीकन राज्यलाई कर तिरेर वैध व्यापार-व्यवसाय गरिरहेका सबैखाले व्यापारी-व्यवसायीको पक्षमा रहेको बताएका छन्।

गृह मन्त्रालय र अर्थ मन्त्रालयद्वारा बिहीवार वीरगंजमा आयोजित राजस्व अभिवृद्धि तथा चुहावट नियन्त्रणसम्बन्धी गोष्ठीमा गृहमन्त्री लामिछानेले जसले कर छलिरहेको छैन, वैध व्यापार गरिरहेका छ, तस्करी गरिरहेको छैन, जसले राज्यलाई तिर्नुपर्ने कर तिरिरहेको छ, त्यस्ता व्यापारी-व्यवसायीहरू कसैबाट पनि डराउनु नपर्ने बताए। उनले यस्ता व्यापारी-व्यवसायीहरूलाई स्थानीय प्रहरी, प्रशासनले दुःख दिएको पाइए गृहले कारबाही गर्ने बताए।

उनले राजस्व सङ्कलनमा देखिएका चुनौतीहरूको सामना गर्न नीतिगतरूपमा सरकारले चाल्नुपर्ने कदम अहिले छलफलमा रहेको बताए। यस विषयमा सरकारले कानून नै संशोधन गर्नुपर्छ भने पनि गरेर अगाडि बढ्ने बताए। राजस्व चुहावट पूर्णरूपमा नियन्त्रण गरी मुलुकको राजस्व सङ्कलनमा वृद्धि गर्नका लागि अहिलेको सरकार लागिपरेको उनले दाबी गरे।




तस्वीरः प्रतीक

गोष्ठीमा गृहसचिव नारायणप्रसाद भट्टराई, अर्थसचिव कृष्णहरि पुष्कर, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थी, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल, पर्सा र बाराका प्रमुख जिल्ला अधिकारी क्रमशः दिनेशसागर भुसाल, शशीधर अधिकारीलगायतको सहभागिता थियो।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्षसमेत रहेका उपप्रधान एवं गृहमन्त्री लामिछाने पार्टीका अगुवा कार्यकर्ताहरूको भेलामा पनि सहभागी भए। उनले पार्टी कार्यकर्ताहरूलाई पार्टीको विधान परिधिमा रहेर समाजमा असल काम गरेर देखाउन आग्रह गरे।

# वीउवासङ्घका महासचिवद्वारा राजीनामा

प्रस, वीरगंज, २९ चैत/

वीरगंज उद्योग वाणिज्य सङ्घका महासचिव आशिषकुमार लाठले पदबाट राजीनामा दिएका छन्।

सामान्यतया पदबाट राजीनामा दिंदा कार्यव्यस्तता देखाइन्छ तर महासचिव लाठले भने अध्यक्ष अनिलकुमार अग्रवालमाथि आरोप लगाउँदै पदबाट राजीनामा दिएका छन्। उनले महासचिवको हैसियतले लेखा शाखाबाट खर्च विवरण माग गर्दा अध्यक्षको आदेशमा नपाएको राजीनामापत्रमा उल्लेख गरेका छन्।

कर्मचारीहरूलाई अध्यक्ष अग्रवालले स्वयम् यस्तो लिखित निर्देशन दिनुको कारण भने विभिन्न सामाजिक सञ्जालमा सङ्घका कार्यक्रममा हुने खर्चको विवरण सार्वजनिक हुनु र त्यस्तो काम कार्यसमितिका सदस्य, पदाधिकारीहरूबाट भइरहेको आशङ्का अध्यक्षले गरेको राजीनामापत्रमा उल्लेख छ।

अध्यक्षले आफूमाथि महासचिवको नाताले विश्वास गर्न नसकेको र शङ्काको घेरामा राख्ने काम गरेको तथा आर्थिक पारदर्शिता नदेखिएको भन्दै उनले राजीनामा गरेको बताएका छन्। उनले राजीनामापत्रमा गम्भीर आरोप लगाए पनि प्रतीकसँगको कुरामा उनले आन्तरिक समस्या भएकोले आफू कार्यसमिति बाहिर गएर नबोल्ने प्रतिक्रिया दिए।

कुनै प्रतिक्रिया दिन नमानेको महासचिव लाठले उनको राजीनामापत्र कसरी बाहिरियो भन्ने विषयमा उनले अध्यक्ष र सङ्घले यसबारेमा प्रतिक्रिया दिने बताउँदै मैले सङ्घमा राजीनामा दिएको हो, प्रेसलगायतलाई कुनै जानकारी नदिएको बताए।

## गाडिएको अवस्थामा ५३ थान गोली बरामद

प्रस, वीरगंज, २९ चैत/

सर्लाही जिल्लाको मलङ्गवा नगरपालिका-८ गोरखकालीमा मोटरसाइकल ग्यारेजअगाडिबाट ५३ वटा गोली बरामद भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।



ईश्वरपुर नगरपालिका-५ बस्ने विजय महतोले सञ्चालन गरेको भोले बाबा अटो पार्ट्स एन्ड विजय रिपेरिङ सेन्टरअगाडि कबाडी सामान भएको खाली ठाउँबाट केएफ ७.६५ लेखिएको ५३ थान गोली बरामद भएको प्रहरीले जानकारी गराएको छ। माटोमुनि करीब सात इन्च खाल्डो खनेर गहना राख्ने रातो ब्यागमा गाडेर राखेको अवस्थामा गोली बरामद भएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जानकारी गराएको छ।


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाईः

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा-आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरीका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात् केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## हावाहुरीका कारण एपिएफ र फ्रेन्ड्स क्लबबीचको खेल बराबरीमा रोकियो

प्रस, सिमरा, २९ चैत/

सिमरामा जारी जगदम्बा स्टील १४औं जीतपुरसिमरा गोल्डकपको अन्तिम क्वाटरफाइनल खेल हावाहुरीका कारण स्थगित भएको छ।

बिहीवार सिमरा रङ्गशालामा सशस्त्र प्रहरीको विभागीय टीम एपिएफ र फ्रेन्ड्स क्लबबीच खेल चलिरहेका बेला तीव्र गतिमा हावाहुरी चलेपछि आयोजक र अफिसियलले खेल स्थगित गर्ने निर्णय लिए।

दोस्रो मध्यान्तरको १३औं मिनेटपछि रेफ्री उमेश बिडारीले खेल रोक्ने सङ्केत गरेका थिए। सिमरा रङ्गशालाको फ्लड लाइटमा खेल चलिरहँदा एक्कासि तीव्र गतिमा हावाहुरी आएको थियो। रङ्गशालामा राखिएको होडिङ बोर्ड उडेर लाग्दा एकजना दर्शक घाइते भएका थिए।



हावाहुरी आउनुअगावैको खेलको दृश्य। हावाहुरी आएपछि रङ्गशालाको अवस्था। तस्वीरः सौजन्य

५८औं मिनेटपछिको खेल शुक्रवार बिहान ८:३० बजेपछि शुरू हुनेछ। स्थगित हुनुअघिको खेल निकै प्रतिस्पर्धात्मक रहेको थियो। मकवानपुर-११ हेटौंडालाई पराजित गर्दै क्वाटरफाइनलमा स्थान बनाएको एपिएफ र सीधैं क्वाटरफाइनल खेल्न सिमरा रङ्गशालामा उत्रिएको फ्रेन्ड्स क्लब दुवैले थुप्रै अवसर सिर्जना गरे पनि गोल गर्न सकेनन्।

खेलको ११औं मिनेटमा एपिएफले अग्रता लिने अवसर गुमाएको थियो। शरण बस्नेतले पेनाल्टी बक्सभित्र दिएको उत्कृष्ट पासलाई बुद्धिमान राईले सदुपयोग गर्न सकेनन्। उनको फितलो प्रहार फ्रेन्ड्सका गोलरक्षक अभिषेक बरालले सहजरूपमा बचाए।

खेलको १३औं मिनेटमा फ्रेन्ड्सका साइमन लिम्बुले वन भर्सेस वनको स्थिति सदुपयोग गर्न सकेनन्। पेनाल्टी बक्सबाहिर पाएको बललाई अघि बढाए पनि साइमनले पोस्टको दिशा दिन नसक्दा एपिएफका डिफेन्डर सुमन श्रेष्ठले क्लिएर गर्ने मौका पाए।

त्यस लगत्तै खेलको १५औं मिनेटमा फ्रेन्ड्सले अर्को सुन्दर मौका गुमायो। कुशल देउवाले पेनाल्टी एरियामा निकालेको पासमा एन्जल महर्जनको प्रहार क्रसबार माथि गयो।

खेलको १८औं मिनेटमा एपिएफका अनिश महर्जनले पेनाल्टी बक्सभित्रै पाएको अवसर खेर फाले। प्रदीप लामाको क्रसमा अनिशको प्रहार फ्रेन्ड्सका गोलरक्षकले पञ्च गरेर जोगाए।

खेलको २६औं मिनेटमा एपिएफको अर्को सशक्त प्रहार फ्रेन्ड्सका गोलरक्षक अभिषेकले बचाउ गरे। बिके तामाङको कट ब्याकमा पेनाल्टी एरियाबाट प्रदीप लामाको सशक्त प्रहार फ्रेन्ड्सका गोलरक्षक अभिषेकले उत्कृष्ट बचाउ गरे।

खेलको ४२औं मिनेटमा फ्रेन्ड्सका एन्जल महर्जनको प्रहार क्रसबारबाट रिबाउन्ड भयो। साइमन लिम्बुको कर्नर बलमा प्रशान्त अवस्थीको हेडिङ पासलाई एन्जलले सशक्त प्रहार गरेका थिए। रिबाउन्ड बलमा दीपेश घलेको अर्को प्रहार क्रसबारबाट माथि गयो।

## अन्तरप्रदेश राष्ट्रिय खेलकूद : ब्याडमिन्टनमा कोशी प्रदेशको वर्चस्व

भरतपुर (चितवन), २९ चैत/रासस

चितवनको भरतपुरमा जारी प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत ब्याडमिन्टन खेलमा कोशी प्रदेशले वर्चस्व जमाएको छ।

भरतपुर कबर्डहलमा बिहीवार सम्पन्न फाइनल खेलमा सात इभेन्टमध्ये चार इभेन्टमा कोशीले स्वर्णपदक जितेको छ। महिला सिङ्गलतर्फ कोशीकी सीमा राजवंशीले स्वर्णपदक जितिन् भने मिक्स डबलमा कोशीका विशाल तामाङ र सीमा राजवंशीको जोडीले स्वर्णपदक जिते। पुरुष र महिला टीम इभेन्टमा पनि कोशी प्रदेशले नै स्वर्णपदक जितेको छ।

पुरुष डबलतर्फ गण्डकीलाई विशाल खड्का र सुजन थापाको जोडीले स्वर्णपदक दिलायो भने महिला डबलतर्फ दिलाशा राना र तिलमाया रानाले गण्डकीलाई स्वर्णपदक दिलाए।



तस्वीरः सौजन्य

बाग्मती प्रदेशका लागि एकमात्र स्वर्णपदक पुरुष सिङ्गलतर्फ राजु गरञ्जाले दिलाए। उनले फाइनल प्रतिस्पर्धामा गण्डकीका सुजन थापालाई पराजित गर्दै स्वर्णपदक जितेका हुन्। विजेताहरूलाई आजै पुरस्कार प्रदान गरिएको छ।

भलिबलतर्फ आज क्वाटरफाइनलका खेल सम्पन्न भएका छन्। गेस्टहाउस चौरमा भएको क्वाटरफाइनलमा विजयी हुँदै पुरुषतर्फ कोशी, कर्णाली, सुदूरपश्चिम र गण्डकी प्रदेश सेमिफाइनलमा प्रवेश गरेका छन्।

महिलातर्फ लुम्बिनी र गण्डकी, बाग्मती र कर्णाली सेमिफाइनलमा भिड्नेछन्। दुवैतर्फका सेमिफाइनल खेल भोलि बिहान हुनेछन्।

यस्तै, औद्योगिक प्रदर्शनी केन्द्रमा जारी बक्सिङ खेलमा पुरुष र महिला दुवैतर्फका सेमिफाइनल खेल सम्पन्न भएका छन्। भोलि सबै फाइनल खेल हुनेछन्।

बखान स्मृति रङ्गशालामा जारी महिला फूटबलतर्फ आज पहिलो सेमिफाइनलकम जीत निकाल्दै कोशी प्रदेश फाइनलमा प्रवेश गरेको छ। सेमिफाइनलमा मधेस प्रदेशलाई २-० गोलअन्तरले पराजित गर्दै कोशीले फाइनलमा स्थान सुरक्षित गरेको हो। दोस्रो सेमिफाइनलमा भोलि कर्णाली र सुदूरपश्चिमबीच प्रतिस्पर्धा हुनेछ। प्रथम अन्तरप्रदेश खेलकूद अन्तर्गत महिला क्रिकेट, तेक्वान्दो, कराँते र पौडी प्रतियोगिता बुधवार सम्पन्न भइसकेका छन्।

**गत आवको तुलना ...**

यो प्रतिशतको हिसाबले ४८.७८ प्रतिशत हो। यो हिसाबले बाँकी चार महीनामा चार अर्बका दरले १६ अर्ब राजस्व सङ्कलन हुन सक्छ। यो भनेको गत वर्षको रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार राजस्व सङ्कलनभन्दा बढी हो। चालू आवमा फागुनसम्मको गणनाबाट रु ४८ अर्ब आयाततर्फबाट राजस्व सङ्कलन भएको छ। यो गत वर्षको आयात राजस्वभन्दा बढी हो तर लक्ष्य भने गत र हालको पनि पूरा हुँदैन। भन्सार विभागले गत वर्षको लक्षित आयाततर्फको राजस्व सङ्कलन हुन नसकेपछि चालू आवमा दुई अर्ब घटाएको थियो। तर घटाएको लक्ष्यभन्दा १७ अर्ब राजस्व कम सङ्कलन हुने सङ्केत तथ्याङ्कले देखाएको छ।